वर्ष १९ | अंक २७३ | नेपाल संवत् ११४१ | २०७८ असार १५ गते मंगलबार | 29 June 2021 | पृष्ठ ४ | मूल्य रु. १०




एउटै पढे पुग्छ

# समाधान

samadhannews.com
राष्ट्रिय दैनिक




# यसरी हुँदैछ कांग्रेस महाधिवेशन



इन्फोग्राफ : प्रदिप कुमाल/समाधान

**समाधान संवाददाता**
पोखरा, १४ असार

नेपाली कांग्रेसको १४ औं महाधिवेशनको मिति नजिकिएसँगै देशैभरका कांग्रेस नेता कार्यकर्तालाई चुनावी माहौलले तताएको छ । वडादेखि केन्द्रीय नेतृत्वसम्मका आकांक्षीहरुले प्रत्यक्ष निर्वाचन लड्नै पर्ने भएकाले सबै कांग्रेसीजनमा चुनावी गर्मी चढिसकेको छ ।

महाधिवेशनको प्रतिनिधि छनोट प्रक्रिया सुरु हुन अब १ महिना पनि बाँकी छैन । आगामी साउन १२ गते देशैभरका पालिकाका वडाहरुमा एकैचोटि वडा अधिवेशन गर्ने तालिका केन्द्रीय समिति बनाई सकेको छ । यद्यपि अहिलेसम्म क्रियाशील सदस्यको टुंगो लागेको छैन ।

केन्द्रीय कार्यसमितिले असारको ३० गतेसम्म क्रियाशील सदस्यहरुको नामावली केन्द्रीय निर्वाचन समितिलाई बुझाउने कार्यसूची अनुसार विवाद भएका ठाउँको सदस्यता टुंगो लगाउन कार्यदलले काम गरिरहेको छ ।

साउन १२ गतेदेखि देशैभरका वडा वडाबाट सुरु हुने नेतृत्व चयनको दौड भदौ १९ गते काठमाडौंमा केन्द्रीय नेतृत्वका लागि मतदान भएपछि सकिनेछ । योबीचमा पालिका, प्रदेश सभा निर्वाचन क्षेत्र, प्रतिनिधि सभा निर्वाचन क्षेत्र, जिल्ला र प्रदेश अधिवेशन सम्पन्न गर्नु पर्नेछ ।

केन्द्रीय निर्बाचन समितिले तय गरेको कार्यतालिका अनुसार साउन १२ गतेको वडा अधिवेशनले वडा कार्यसमितिसहित क्षेत्रीय अधिवेशन प्रतिनिधि चयन गर्नेछ । कांग्रेसको विधान अनुसार १५० जना क्रियाशील सदस्य भएको वडा इकाई कमिटीबाट १६ जना प्रदेश अधिवेशन प्रतिनिधि चयन हुनेछन् । १५० माथि थप प्रत्येक १०० क्रियाशील सदस्यबाट १० जनाका दरले क्षेत्रीय अधिवेशन प्रतिनिधि चयन गर्ने विधानमा व्यवस्था छ, जसअनुसार २५० भन्दा धेरै क्रियाशील सदस्य भएको इकाइले २६ जना, ३५० भन्दा बढी सदस्य भएको इकाइले ३६ जना गरेर क्षेत्रीय अधिवेशन प्रतिनिधि चयन गर्नेछन् ।

वडा अधिवेशनपछि साउन १६ गते देशैभरका पालिकाको इकाई नेतृत्व चयनका लागि निर्वाचन हुनेछ । पालिकामा कांग्रेस नेतृत्व चयन गर्न पालिका अन्तर्गतका सबै क्रियाशील सदस्यले उम्मेद्वार बन्न र मतदान गर्न पाउनेछन् । पालिका अधिवेशनबाट २ जना अपांग क्षेत्रीय अधिवेशन प्रतिनिधि चयन हुनेछन् भने पालिका इकाई समितिका सभापति पदेन क्षेत्रीय अधिवेशन प्रतिनिधि हुनेछन् ।

साउन २० गते प्रदेश सभा क्षेत्रीय अधिवेशन गर्ने कार्यक्रम छ । यो अधिवेशनले प्रदेश सभा क्षेत्रीय कार्यसमिति र प्रदेश अधिवेशन प्रतिनिधि चयन गर्नेछ । यो अधिवेशनमा वडा र पालिकाबाट चयन भएका क्षेत्रीय अधिवेशन प्रतिनिधि मात्र सहभागी हुन पाउनेछन् । प्रदेश सभा क्षेत्रबाट १६ जना प्रदेश अधिवेशन प्रतिनिधि छनोट हुनेछन् । प्रदेश अधिवेशनमा प्रत्येक प्रदेश सभाबाट प्रदेश सभापति र १६ जना प्रतिनिधि गरी १७ जना सहभागी हुनेछन् ।

साउन २३ गते प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन गर्ने कार्यक्रम छ । केन्द्रीय महाधिवेशन प्रतिनिधि यही प्रतिनिधि सभा क्षेत्रीय अधिवेशनबाट चयन हुने भएकाले यसमा धेरै नेताहरुको ध्यान तान्छ । क्षेत्रीय कार्यसमितिका साथै प्रत्येक निर्बाचन क्षेत्रबाट २५-२५ जना महाधिवेशन प्रतिनिधि यही अधिवेशनबाट चयन भएकाले केन्द्रीय राजनीतिमा जान खोज्ने कांग्रेस नेताहरुका लागि यो दिन विशेष हुनेछ । यिनै २५ जना केन्द्रीय महाधिवेशनका सहभागी हुनेछन् ।

जिल्ला अधिवेशनको मिति साउन २६ गतेका लागि तोकिएको छ । जिल्ला नेतृत्व चयन हुने अधिवेशनमा क्षेत्रीय अधिवेशन प्रतिनिधिहरु र महाधिवेशन प्रतिनिधिहरु सहभागी हुनेछन् । जिल्ला अधिवेशनपछि भदौ १ र २ गतेका लागि प्रदेश अधिवेशनको मिति तोकिएको छ । प्रदेश समितिको नेतृत्व चयन गर्नका लागि हुने यो अधिवेशनमा प्रदेश सभा अधिवेशन प्रतिनिधि, महाधिवेशन प्रतिनिधि र निर्वाचन क्षेत्रका क्षेत्रीय सभापतिहरु र जिल्ला सभापतिहरु सहभागी हुनेछन् । यसबाट प्रदेश कार्यसमिति चयन हुनेछ । कांग्रेसका केन्द्रीय महाधिवेशन भदौ १६ गते काठमाडौंमा उद्घाटन हुनेछ भने १९ गते केन्द्रीय कार्यसमिति चयनका लागि मतदान भएर सकिनेछ ।


आइबहादुर गुरुङ


पोषनाथ शर्मा


किशोरदत्त बराल


सुदीपमोहन भट्टराई


मनोज गुरुङ


कृष्णबहादुर कार्की

## कास्की सभापतिमा ६ आकांक्षी

महाधिवेशनको मिति नजिकिएसँगै नेपाली कांग्रेसका विभिन्न तहमा नेतृत्व लिन चाहनेहरुले लबिङ गर्न थालेका छन् । आगामी २ महिनाभित्र वडादेखि केन्द्रसम्मकै नेता चयन गर्ने कांग्रेसमा गुटगत तथा व्यक्तिगत लबिङ सुरु भइसकेको छ ।

गण्डकी प्रदेशको राजधानीसमेत रहेको कास्कीमा चुनावी सरगर्मी बढिसकेको छ । कास्कीको सभापति बन्नका लागि अहिलेसम्म आधा दर्जन नेताले लबिङ सुरु गरेका छन् । स्रोतका अनुसार अहिलेका सभापति कृष्ण केसीले नदोहोर्‍याउने बताएकाले उनीभन्दा पछिका ६ जनाले दाबेदारी प्रस्तुत गरेका छन् ।

वर्तमान कार्यसमिति उपसभापति आइबहादुर गुरुङ र सचिव सुदीपमोहन भट्टराईलाई, पूर्व जिल्ला सचिव तथा वर्तमान क्षेत्रीय सभापति पोषनाथ शर्मासहित किशोरदत्त बराल, मनोज गुरुङ, कृष्ण कार्की सभापतिका आकांक्षी भएको र त्यही अनुसार लबिङ गरिरहेको स्रोतको दाबी छ ।

केन्द्रमा नेताको गुट र कित्ता क्लियर नभएकाले कास्कीमा पनि को कताको गुटबाट प्रत्यासी बन्ने भन्ने अन्योल छ । यी ६ आकांक्षीमध्ये किशोरदत्त बराल र सुदीपमोहन भट्टराई कुनै समूहमा नखुलेरै राजनीति गरिरहेका छन् ।

कास्कीका कांग्रेस नेता शुक्रराज शर्मा कता लाग्छन्, यसले पनि कांग्रेसको सन्तुलनलाई प्रभाव पार्छ । १३ औं महाधिवेशनमा देउवा पक्षमा लागेका शर्माको पछिल्लो समय रामचन्द्र पौडेल, शशांक कोइरालासँग पनि निकटता बढेको बताइन्छ ।

कांग्रेसका केही नेताले सजिलै जित्ने उम्मेदवार भन्दै सभापतिमा कृष्ण केसीलाई नै दोहोर्‍याउन दबाब पनि दिएका छन् । केसी भने प्रदेश समितिमा काम गर्ने मनस्थितिमा रहेको स्रोत बनाउँछ । उनी उपसभापति आइबहादुर गुरुङलाई सभापति बनाउन बनाउन इच्छुक रहेको बताइन्छ ।

# बजेटमाथिको छलफल कहिले ?



**समाधान संवाददाता**
पोखरा, १४ असार

पेस भएको १४ दिन कटिसक्दा पनि गण्डकी प्रदेश सभामा बजेटमाथिको छलफल सुरु हुन सकेको छैन । २९ जेठमा मुख्यमन्त्री नियुक्त भएका कृष्णचन्द्र नेपाली पोखरेल नेतृत्वको सरकारले सरकार गठनको दोस्रो दिनमा नीति कार्यक्रम प्रस्तुत गरेर तेस्रो दिनमा बजेट प्रस्तुत गरेको थियो ।

बजेट भाषण मुख्यमन्त्री पोखरेल स्वयंले नै गरेका थिए । अर्थमन्त्रीले बजेट भाषण गर्ने प्रचलन रहे पनि अर्थमन्त्रीको जिम्मेवारी नटुंगिएकाले पोखरेलले नै बजेट भाषण गरेका थिए । बजेट भाषणलगत्तै सदन ३ दिनलाई स्थगित भएको थियो । ४ असारको बैठकमा मुख्यमन्त्री पोखरेलले विश्वासको मत प्राप्त गरेपछि सभामुखले अनिश्चितकालका लागि बैठक स्थगित गरेका थिए ।

त्यसयता सदन सुरु हुन सकेको छैन । सरकार आफ्नै किचलोमा फसेको छ । गठबन्धनका दलहरुले ठूला मन्त्रालय दाबी गर्दा मन्त्रिपरिषद विस्तार हुन सकेको छैन । मुख्यमन्त्री नियुक्त भएको दिन पोखरेलले ४ जनालाई विनाविभागीय मन्त्री बनाएका थिए ।

कांग्रेसका कुमार खड्का, माओवादीकी मधुमाया अधिकारी, जनता समाजवादीका हरिशरण आचार्य र स्वतन्त्र सांसद दीपक मनाङे सरकारमा सहभागी भए । उनीहरुको जिम्मेवारी गत शुक्रबार नै टुंगो लागेको छ । कांग्रेसका खड्काले सामाजिक विकास मन्त्रालय र माओवादीकी मधुमाया अधिकारीले स्वास्थ्य मन्त्रालयको जिम्मेवारी सम्हालिसकेका छन् ।

तर आइतबार २ मन्त्रीले जिम्मेवारी सम्हाल्न मानेनन् । जनता समाजवादीका हरिशरण आचार्य र स्वतन्त्र सांसद दीपक मनाङेले जिम्मेवारी नसम्हाल्ने भनेपछि उनीहरु अझै विनाविभागीय छन् । आचार्य आफूसँग कांग्रेसले गरेको ३ बुँदे सहमति कार्यान्वयन भएपछि मात्रै जिम्मेवारी सम्हाल्ने अडान कसेका छन् भने मनाङेले भौतिक नपाए सरकारमै नजाने जनाएका छन् ।

मुख्यमन्त्री पोखरेलले विश्वासको मत लिने दिन जसपालाई अर्थसहित २ मन्त्रालय दिने लगायतका ३ बुँदे सहमति गरेका थिए । अर्थमा कांग्रेस, माओवादीको र जसपाको तथा भौतिकमा माओवादी र दीपक मनाङेको दाबी छ । यस कारण मुख्यमन्त्रीले अर्थ र भौतिक आफैंले राखेर जिम्मेवारी बाँडेका थिए ।

किचलोबीच प्रदेशको बजेटमाथिको छलफल भने अन्योलमा छ । सामान्यत: बजेट भाषणको भोलिपल्टैबाट छलफल थालिन्छ । तर गण्डकीमा भने सरकार आफ्नै किचलोमा रुमलिएपछि बजेटमा ध्यान पुगेको छैन ।

पूर्वअर्थमन्त्री किरण गुरुङ तयारी बिनाबजेट ल्याइएकाले अहिले सरकारलाई सकस परेको बताउँछन् । बजेटका नाममा लिखित भाषण ल्याइएको र बजेटको विधि विधान नमानिएकाले बजेटमाथिको छलफलमा ढिलाइ भएको उनको तर्क छ । यस्तै मन्त्रिपरिषद विस्तार गर्न नसकेर आफ्नै किचलोमा फसेको भन्दै सरकार अहिले कठिन अवस्थामा रहेको गुरुङले बताए ।

'मैले त पहिलो दिन नै भाषण हो, बजेट होइन भनेको थिएँ, अहिले त्यसैलाई बनाउँदा सकस भएको होला, मन्त्रिपरिषद विस्तार पनि गर्न नसकेको अवस्था छ,' गुरुङले भने, 'यसरी ढिलाइ गर्दै गए प्रदेशको अर्थतन्त्र समाप्त हुन्छ, असारभित्र पास गर्नुपर्छ नभए बजेट नै लागू हुँदैन, समय त छ तर विधि अनुसार जानुपर्छ ।'

यसअघि नै नेकपा एमाले संसदीय दलको बैठकले आगामी आर्थिक वर्षका लागि सरकारले प्रस्तुत गरेको बजेट लिखित भाषणजस्तो भएकाले बजेटमाथिको छलफल हुन नसक्ने जनाएको थियो ।

सरकारका प्रवक्ता तथा सामाजिक विकास मन्त्री कुमार खड्का बजेटमाथिको छलफलसम्बन्धी जानकारी सदनलाई केही दिनमै गराउने बताउँछन् । रातो किताबसँगै वार्षिक विकास पुस्तिका पनि ल्याउने तयारी भएको खड्काको भनाइ छ । 'असार मसान्तभित्र बजेट छलफल सकेर पास गर्छौं, समय अभाव नहुने गरी छलफल सुरु हुन्छ,' उनले भने ।

# कास्कीमा सार्वजनिक गाडी चल्ने

**समाधान संवाददाता**
पोखरा, १४ असार

दोस्रो चरणको कोरोना संक्रमण नियन्त्रण गर्न लागू गरिएको निषेधाज्ञाका कारण बन्द भएको भएको सार्वजनिक सवारी कास्कीमा मंगलबार रातिबाट खुल्ने भएको छ । जिल्ला प्रशासन कार्यालय कास्कीले सोमबार सूचना निकालेर निषेधाज्ञाको मोडेल परिमार्जन गरेको हो ।

प्रशासनले निजी सवारी, ट्याक्सी र सार्वजनिक सवारीसमेत जोरबिजोर प्रणालीमा चलाउन दिने निर्णय गरेको छ । कास्कीका सिडिओ थानेश्वर गौतमले जारी गरेको आदेशमा सिट क्षमताभन्दा बढी यात्रु नराख्ने, सुरक्षा मापदण्ड पालना गर्नुपर्ने उल्लेख छ । लामो दूरीका सवारी सञ्चालनका लागि भने अनुमति दिइएको छैन ।

खुकुलो बनाएर जारी भएको निषेधाज्ञा २५ असार राति १२ बजेसम्म लागू रहनेछ । आदेशमा सिनेमा हल, पार्टी प्यालेस, होटल, रेस्टुरेन्ट, चिया पसल, खाजा पसल, मोटेल, नाचघर, क्लब, डान्सबार, दोहोरी साँझ, फनपार्क, रंगशाला, फुटसल, खेलकुदस्थल, जिमखाना, फिटनेस सेन्टर, स्पा, स्विमिङ पुल, ब्युटी पार्लर, सैलनु, फुटपाथ पसल लगायत सेवा खोल्न नपाइने उल्लेख छ । यीबाहेकका उद्योग, व्यवसाय र पसल बिहान ५ देखि साँझ ६ बजेसम्म खोल्न अनुमति दिइएको छ । अनलाइनमार्फत् सामान डेलिभरी बेलुका ७ बजेसम्म गर्न भनिएको छ ।

सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार सञ्चालन गर्न, मानिस जम्मा हुन, सभा, जुलुस गर्न, जात्रा, महोत्सव गर्न निषेध गरिएको छ । एम्बुलेन्स, बिरामी र कुरुवा बोक्ने साधन, दमकल, शववाहन, खाद्यसामग्री, पशुपंक्षीका दाना, तरकारी, फलफूल, दुग्ध पदार्थ, माछा, मासु, पानी, ग्याँस, पेट्रोलियम पदार्थ बोकेका सवारीलाई चल्न दिइएको छ ।

चिकित्सक र स्वास्थ्यकर्मीका सवारी, औषधी र स्वास्थ्य सामग्री बोकेका सवारी र सरकारी कामकाजका लागि आवश्यक सवारी पहिलेभैं नै चल्ने छन् ।

धार्मिक स्थलहरुमा सुरक्षा मापदण्ड पालना गरी नित्य पूजामात्र गर्न आदेशमा भनिएको छ । विद्यालय, विश्वविद्यालय, तालिम केन्द्रहरुमा सबै प्रकारका परीक्षा र भौतिक उपस्थितिमा पठानपाठन नगर्न आदेशमा भनिएको छ । अनलाइनमार्फत् परीक्षा र कक्षा सञ्चालन गर्न भने पाइनेछ ।

आफैं संलग्न हुनैपर्ने बाहेकका मृत्यु संस्कारमा सहभागी नहुन आदेशमा भनिएको छ । विवाह, व्रतबन्ध र अन्य सांस्कारिक कार्य होटल, पार्टी प्यालेसमा नगर्न भनिएको छ । पूर्वनिर्धारित वैवाहिक कार्यक्रम बढीमा १५ जनाको उपस्थितिमा आफ्नै घरमै गर्नुपर्ने भएको छ ।

पहिले भैं औषधी र स्वास्थ्य सामग्रीका पसलहरु २४ सै घन्टा खुला रहनेछन् । उद्योग तथा सार्वजनिक निर्माणमा संलग्न कर्मचारी र कामदारलाई उद्योग परिसर र निर्माण कार्यस्थल नजिकै खाना र बासको व्यवस्था गर्नुपर्ने छ । निर्माण सामग्री बोकेका सवारीलाई बेलुका ७ बजेबाट बिहान ५ बजेसम्म समय तोकिएको छ । बैंक तथा वित्तिय संस्थाहरुलाई सिमित कर्मचारीमात्र राखेर सेवा दिन भनिएको छ । आदेश पालना नगर्नलाई स्थानीय प्रशासन ऐन २०२८, संक्रामक रोग ऐन २०२०, कोभिड १९ संकट व्यवस्थापन अध्यादेश २०७८ एवं प्रचलित ऐन बमोजिम कारवाही हुने आदेशमा उल्लेख छ ।

# कालीगण्डकी डाइभर्सन आयोजना रद्द गर्न गण्डकी प्रदेशवासीको माग

**समाधान संवाददाता**
पोखरा, १४ असार



प्रदेश र प्रदेशवासीको हित विपरीत संघ सरकारले कालीगण्डकी डाइभर्सन आयोजना कार्यालय खुलेपछि गण्डकी प्रदेशमा विरोध भएको छ । गण्डकी सरकारले सोमबार गरेको सर्वपक्षीय, सर्वपक्षीय बैठकका सहभागी राजनीतिक दल, नागरिक समाज र संघ, संस्थाका प्रतिनिधिले एकै स्वरमा आयोजनाको विरोध गरेका छन् ।

बैठकले प्रदेशको साझा अवधारणासमेत सार्वजनिक भएको छ । 'भौगोलिक, सांस्कृतिक, पर्यावरणीय, राजनीतिक, आर्थिक, सामाजिक र ऐतिहासिक महत्व बोकेको कालीगण्डकी नदी डाइभर्सन योजना समग्र कालीगण्डकी प्रश्रवण (प्रवाह) क्षेत्रका लाखौं नागरिकको भावना विपरीत भएकाले हामी एक स्वरमा विरोध गर्छौं,' बैठकपछि जारी निर्णयमा भनिएको छ, 'भौगोलिक, सांस्कृतिक, पर्यावरणीय, राजनीतिक, आर्थिक र सामाजिकमात्र नभई ऐतिहासिक महत्व बोकेको कालीगण्डकी नदीमात्र होइन, सभ्यता पनि रहेकाले चितवनदेखि धादिङ हुँदै पाल्पासम्म फैलिएको कालीगण्डकी प्रश्रवण क्षेत्रको अस्तित्व जोगाउने जिम्मा हामी सबै प्रदेशबासीको हो ।'

नेपाल सरकारका उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले १२ असारमा आयोजनाको कार्यालय बुटबलमा उद्घाटन गरेका छन् । तमाम विषयवस्तु ख्यालै नगरी संघ सरकारले कालीगण्डकी बहुउद्देश्यीय डाइभर्सन योजनाअघि सारेपछि गण्डकी प्रदेशबासी र कालीगण्डकी तटका बासिन्दालाई झस्काएको छ ।

गण्डकीका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले प्रदेश सरकारले आफ्नो धारणा सार्वजनिक गरिसकेको र सबै राजनीतिक दल, संघ, संस्थाको साझा अवधारणा बनाउन बैठक डाकिएको बताए । कालीगण्डकी वरपरका बासिन्दामात्र नभएर समग्र प्रदेशवासीको साथ लिएर आफू अगाडि बढ्ने उनले प्रतिबद्धता जनाएका छन् । प्रतिपक्षमा रहेका बेलासमेत आफूले यसका बारेमा आवाज उठाएको भन्दै उनले यो आयोजनाका बारेमा सिंगो प्रदेशसभाको एकै स्वर रहेको जनाए ।

माओवादी केन्द्र प्रदेश अध्यक्ष हितराज पाण्डेले चुनाव घोषणा गरेको सरकारे थालेको यो योजनाले समग्र मुलुकवासीलाई चिन्तित तुल्याएको बताए । उनले भने, 'यसले हामीलाई तरंगित बनाएको छ । नदीको प्राकृतिक बहावलाई रोक्नु हुँदैन ।' २ प्रदेशको सीममा बग्ने नदीका बारेमा यति ठूलो निर्णय गर्दा प्रदेशसँग कुनै सल्लाह नगरी आएकाले यो कदम संघीयताको विरोधमा रहेको उनले ठम्याइ छ ।

गण्डकी छेउछाउका उब्जाउ टारलाई सुख्खा बनाउने षड्यन्त्रबाट यो आयोजना निर्देशित रहेको उनको भनाइ छ । उनले भने, 'आत्मनिर्भर अर्थतन्त्रका लागि व्यवस्थित गर्नुको साटो डाइभर्सन गर्ने भनिएको छ । यो कसरी सम्भव हुन्छ ?'

नेपाली कांग्रेस संसदीय दलका सचेतक मणिभद्र शर्मा कँडेलले संघीय सरकारको प्रभावशाली मन्त्रीले चुनावलाई प्रभाव पार्ने तरिकाले यो योजना अगाडि सारिएको बताए । उनले भने, ' यो संघीयताको विरुद्धमा छ, सहमति, सहअस्तित्वको भावना विपरीत छ । सामाजिक, सांस्कृतिक सम्पदा खल्बलिन दिनु हुँदैन ।'

जसपा गण्डकी अध्यक्ष मोती रिजालले योजनाले पार्ने असरका बारेमा अध्ययनसमेत नगरी सुरु गरिएको आयोजना कुनै हालतमा अगाडि बढ्न दिन नहुने बताए । उनले भने, 'नदीको मुहान पनि यही प्रदेशमा पर्छ, पुछार पनि यही प्रदेशमा पर्छ । **बाँकी पृष्ठ ४**

## सम्पादकीय

# मन्त्रिपरिषद विस्तारको ढिलाइ

नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णचन्द्र नेपाली गण्डकी प्रदेशको मुख्यमन्त्री नियुक्त भएको २९ जेठमा हो । त्यसै दिन उनी र ४ जना मन्त्रीको सपथ भयो । त्यसै बेला मन्त्रीहरुको जिम्मेवारी तोकिएको थिएन । मन्त्री जति विना विभागीय थिए । सपथको २ सातापछि मात्रै आएर मुख्यमन्त्री नेपालीले ४ मध्ये २ जना मन्त्रीलाई मात्रै जिम्मेवारीको सिफारिस गरेअनुसार प्रदेश प्रमुख सीताकुमारी पौडेलले मन्त्रालय तोकिन् । कांग्रेसका कुमार खड्काले सामाजिक विकास मन्त्रालय सम्हाल्न पाए भने माओवादी केन्द्रकी मधुमाया अधिकारीले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय पाइन् । बाँकी २ जना मन्त्री जसपाका हरिशरण आचार्य र स्वतन्त्र सांसद राजीव गुरुङ (दीपक मनाङे) जिम्मेवारीविहीनै छन् ।

एमाले संसदीय दलका नेता पृथ्वीसुब्बा गुरुङ नेतृत्वको सरकार जसरी पनि गिराइ छाड्ने भन्ने हेतुले कांग्रेस, माओवादी केन्द्र, जसपा, जनमोर्चा र स्वतन्त्र सांसद एकगठ भएका थिए । तर, जुन तरिकाले पूर्ववर्ती सरकार ढलाए, त्यस अनुसार आफूहरुचाहिँ एकमत भएर अघि बढेनन् । झट्ट हेर्दा सत्तामा जसरी पनि जानेबाहेक अरु उद्देश्य नराखेको प्रष्ट हुने गरी सत्ता साझेदार दलहरुमा रहेको देखिन्छ । होइन भने उनीहरुले मन्त्रिमण्डललाई पूर्णता दिन यतिका दिन नलाग्नुपर्ने थियो । जसलाई पनि बजेट धेरै हुने मन्त्रालय नै चाहिने हुनुले पनि त्यसैलाई पुष्टि गरेको छ । जसपाका आचार्यले मुख्यमन्त्री नेपालीसँग विश्वासको मत लिने दिन ४ असारमै अर्थ मन्त्रालयसमेत दिने गरी आफ्नो पार्टीका २ जनालाई मन्त्री बनाउनुपर्ने सम्झौता गरेका छन् । वास्तवमा त्यो विश्वासको मतसँग गरिएको सौदाबाजी थियो । त्यसले राजनीतिमा मोलमोलाई कति हदसम्म हुँदोरहेछ भन्ने देखाएको छ । मुख्यमन्त्री त्यस्तो हदको सहमति गरी गरी सत्ता टिकाउन लाग्नु पनि कमजोरी नै हो ।

स्वतन्त्र सांसद मनाङेको पृष्ठभूमि आपराधिक हो । उनको टेको लगाएर सरकार गठन गर्नु पनि राजनीतिको नैतिक मूल्य मान्यता विपरीत थियो । त्यसो त यसअघिका मुख्यमन्त्रीले पनि उनलाई मन्त्री बनाएका हुन्, त्यो पनि गलतै थियो । आज मनाङेले पनि ठूलाठूला मन्त्रालयमा दाबी प्रस्तुत गरेका छन् र मुख्यमन्त्रीका लागि उनी घाँडो सावित हुँदैछन् । माओवादीसँग पनि कुन कुन मन्त्रालय दिने भनेर कांग्रेससँग कुरो मिलेको छैन । को को मन्त्री बन्ने भनेर पनि दुवै पार्टीमा द्वन्द्व छ । कोभिड महामारीको यो बेला सरकारले धमाधम काम गर्ने हो भने मन्त्रिपरिषदले पूर्णता पाउनुपर्ने थियो । तर सरकार पूरापूर मन्त्रिमण्डलै गठन गर्न नसक्नु भनेको सत्ता साझेदार दलहरुको अकर्मण्यता हो ।

## भोलिको पञ्चाङ्ग

श्रीसूर्य उत्तरायण, ग्रीष्मर्तुः, राक्षस नाम संवत्सर, श्रीशाके १९४३, सम्वत २०७८ साल आषाढ १६गते बुधबार नेपाल सम्बत ११४१ तछलागा तदनुसार सन् २०२१ जून ३० तारिक कृष्णपक्ष षष्ठी तिथि अपरान्ह ४ वजेर ५८ मिनेटसम्म, पूर्वभाद्रा नक्षत्र अहोरात्र, आयुष्मानयोग, वणिजकरण, आनन्दादियोग पद्म, सूर्य मिथुन राशिमा, चन्द्रमा राती ११ वजेर ४५ मिनेटसम्म कुम्भ उप्रान्त मीन राशीमा ।

## राशिफल



वेदनिधि तिमिल्सिना
सम्पर्क : ९८५६०२६३९७
Gmail: gurupatrakar@gmail.com

- **मेष** ▪ आफन्तबाट सहयोग,व्यापारमा वृद्धि,आय बढ्ने ।
- **वृष** ▪ रोकिएका काम बन्ने,इज्जत प्रतिष्ठा बढ्नेछ ।
- **मिथुन** ▪ चिन्तन मनन धेरै,अरुको भलाईमा समय व्यतित ।
- **कर्कट** ▪ कल्पना बाहिरका काम हुने,अनावस्यक खर्च वृद्धि ।
- **सिंह** ▪ दामपत्य जीवनमा सुख शान्ति,व्यापारमा वृद्धि हुनेछ ।
- **कन्या** ▪ सतर्क हुनु लगानी आफ्नो फाइदा अरुलाई हुन सक्छ ।
- **तुला** ▪ परिवारिक समस्याले मनलाई चिन्तित बनाउनेछ ।
- **वृश्चिक** ▪ घरयासी खर्च वृद्धिले आर्थिक स्थिति कमजोर बन्नेछ ।
- **धनु** ▪ ग्रह गोचर अनुकुल,व्यापार,उद्योग,पराक्रम बढ्नेछ
- **मकर** ▪ मेहनतपूर्वक गरेका काम सफल,व्यापारबाट थोरै लाभ ।
- **कुम्भ** ▪ आत्मविश्वास बढ्ने,काममा देखिएका समस्या कम हुने ।
- **मीन** ▪ काम गर्दा विभिन्न समस्या आउने,अनावस्यक खर्च बढ्ने ।

सेप्टी टंकी सफाई गर्नुपरेमा
सम्पर्क
9802815296
9802815293

# ‘रेडबुक’ खोई मुख्यमन्त्रीज्यू ?



किशोर सापकोटा

**जनताले प्रतिपक्षमा बस्न दिएको जनादेशलाई नमानेर जे जस्तो हर्कत गरेर भएपनि सत्तामा पुग्नै पर्ने कांग्रेसको विगतको नराम्रो अभ्यासलाई दोहोऱ्याउन खोज्दा आजको अवस्था आएको हो गण्डकी प्रदेशमा ।**

सरकारले संसदमा बजेट भाषण गरेको कति दिनमा वार्षिक कार्यक्रम तथा बजेट पुस्तिका ‘रेडबुक’ आउँछ भनेर कसैले सोध्यो भने सबैको जवाफ सायद एउटै आउँछ होला- बढीमा २, ३ दिनमा । हामीलाई थाहा छ, मन्त्रालय र मातहतका निकायले जनताको आवश्यकताका आधारमा वर्षभरि नै मागहरु संकलन गर्दछन् । ती संकलित मागहरुलाई विषयगत मन्त्रालयहरुले अर्थ मन्त्रालयले दिएको बजेट सिलिङका आधारमा प्राथमिकता निर्धारण गर्दछन् र आ-आफ्नो मन्त्रालयको प्रस्तावित वार्षिक कार्यक्रम तथा बजेट तयार पार्दछन् । विषयगत मन्त्रालयहरुले तयार पारेको बजेटलाई अर्थ मन्त्रालयले आवश्यकता अनुसार सामान्य परिमार्जन गरेर वा विषयगत मन्त्रालयहरुले पठाएकै आधारमा सरकारको वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दछ । यसरी तयार भएको वार्षिक कार्यक्रम तथा बजेटका मुख्यमुख्य अंश समेटेर अर्थमन्त्रीमार्फत् सम्बन्धित सरकारले संसदमा बजेट प्रस्तुत गर्दछ । आजसम्म हामिले सुनेको, बुझेको, देखेको र व्यहोरेको बजेट निर्माण सम्बन्धी प्रक्रिया यही हो ।

तर नेपाली काँग्रेसका नेता कृष्णचन्द्र नेपालीको नेतृत्वमा बनेको प्रदेश सरकारले प्रदेश सभामा बजेट भाषण गरेको दुई हप्तासम्म पनि वार्षिक कार्यक्रम तथा बजेट पुस्तिका ‘रेडबुक’ सार्वजनिक गर्न सकेको छैन । कृष्णचन्द्र नेपाली तिनै नेता हुन् जसले गण्डकी प्रदेश सरकारका तत्कालीन मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले प्रदेश सभाबाट विश्वासको मत नपाएछि अर्को सरकार गठनका लागि प्रदेश प्रमुखले दिएको समय सकिएको एकाध घण्टा बित्न नपाउँदै मलाई मुख्यमन्त्री नियुक्त गर्न किन ढिलाइ गरेको भन्दै प्रदेश प्रमुखको कार्यालयमा धर्ना दिएका थिए । माननीय मुख्यमन्त्रीज्यू, प्रदेश प्रमुखले तपाईंलाई मुख्यमन्त्री नियुक्त गर्न त मात्र केही घण्टा ढिला गर्नुभएको थियो तर तपाईंले प्रदेशबासीको सपना प्रतिबिम्बित भएको ‘रेडबुक’ दिन सम्झनुहोस् त कति दिन ढिला गर्नुभयो ? सत्ता साझेदार दलहरुलाई चित्त बुझाएर मन्त्रिमण्डल गठन गर्न नसक्नु त्यो तपाईको समस्या हो । आफ्नो स्वार्थ केन्द्रित समस्याका कारण प्रदेशबासीको भाग्यरेखा निर्धारण गर्ने वार्षिक कार्यक्रम तथा बजेट पुस्तिका नै दिन नसक्नु कत्तिको न्यायोचित हो ? एकचोटी गम्भीर बन्नैपर्ने हो कि !

जनताको मतलाई आधार मान्ने हो भने आफूभन्दा झण्डै दुईगुणा ठूलो दललाई बाहिर राखेर सरकार बनाउनु र चलाउनु त्यति सजिलो पक्कै पनि छैन । त्यसमा पनि पूर्व र पश्चिम फर्केका दलहरुलाई लिएर सरकार चलाउनु साँच्चिकै सिंहको घोडा चढे जस्तै भएको हुनुपर्छ मुख्यमन्त्रीज्यूलाई, झरे खाइदिन्छ नझरे कहाँ पुऱ्याएर गुल्टाइदिने हो भर विश्वास नै हुँदैन । तर यो तपाई आफैले वेसाएको ब्यथा हो । प्रदेशबासी जनता तपाईको यो ब्यथामा कदापी ऐया ! आत्थु ! गर्न सक्दैनन् । अझै तत्कालीन मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङको सरकारले बजेट निर्माण प्रक्रियालाई विश्वासिलो, भरपर्दो र पारदर्शी बनाउनका लागि सफ्टवेयर नै निर्माण गरिसकेको थियो । बजेट भाषणा गरेपछि होइन, त्यो भन्दा झण्डै एकहप्ता पूर्व नै वार्षिक कार्यक्रम तथा बजेटमा कुनै पनि थपघट गर्न मिल्दैनथ्यो । त्यतिबेलाको सरकारले मन्त्रालय मातहतका कार्यालय र संरनाहरुको विश्वास गर्दथ्यो । काम सिष्टमले हुन्छ, पात्रले त मात्र दिशानिर्देश गर्ने हो भन्ने विश्वास थियो त्यति बेला । तर अहिलेको सरकारले न त सिष्टमलाई स्वीकार गरेको देखिन्छ न आफ्नै सरकारको मातहतमा रहेका संरचनाहरुको नै । यही कारण विलम्ब भएको हनुपर्छ ‘रेडबुक’ आउन ।



मैले यहाँ वहस गर्न खोजेको खाली ‘रेडबुक’ को मात्र होइन । सत्ता पक्ष र प्रतिपक्षमा रहँदा हाम्रा दल र तिनका नेताहरुले देखाउने चरित्र र प्रवृत्तिको पनि हो । गण्डकी प्रदेश सरकारका अघिल्ला तीन आर्थिक वर्षका वार्षिक कार्यक्रम तथा बजेटमाथि प्रदेश सभामा भएको छलफलमा म करिब सँधैजसो सहभागी थिएँ । त्यहाँ अहिलेको सत्ता पक्ष र त्यतिबेलाको प्रतिपक्षले बारम्बार उठाइरहने एउटै कुरा थियो- बजेट पोका पोकामा ल्याइयो, मन्त्री र सत्तापक्षका सांसद भएका निर्वाचन क्षेत्रमा केन्द्रित गरियो । तर कथमकदाचित यो सरकारले वार्षिक बजेट तथा कार्यक्रमको पुस्तिका ल्याइहाल्यो र प्रदेश सभामा छलफल प्रारम्भ भयो भने यी प्रश्न उठ्लान कि नउठ्लान ? मैले अघिल्लो वाक्य किन प्रयोग गरें भने संसदमा बजेट भाषण भएको दुई हप्तासम्म ‘रेडबुक’ पनि नआउने र त्यसमाथि संसदमा छलफल पनि नहुने परिघटना २०४८ साल यता सम्भवत: पहिलो चोटी देखिँदैछ छ, यहाँ ।

नेपाली राजनीतिमा लामो समयदेखिको एउटा अत्यन्तै गलत परम्परा जबरजस्त रुपमा स्थापित भएको छ, त्यो हो पद प्राप्तीका लागि जे पनि सम्झौता गर्ने अनि पदमा पुगेपछि कार्यान्वयन नगर्ने । अहिलेको गण्डकी प्रदेश सरकारमा पनि त्यही जर्बजस्त मान्यताले नराम्रोसँग डेरा जमाएको छ । सत्तामा पुग्नका लागि जसले जे माग्यो त्यही दिन तयार भएका मुख्यमन्त्रीलाई पहिला आफैले बोलेका कुरा अहिले आफैका लागि गलपासो भएको छ । हामीलाई थाहा छ, यो सरकार गठन गर्दा अहिलेका सत्ताधारी दलहरुले आफूले गर्न सक्ने कुनै पनि कसुर बाँकी राखेनन् । निर्वाचित प्रदेश सभा सदस्यलाई अपदस्थ गर्नेसम्मको हर्कत गरेर बनेको सरकारलाई अहिले पहिलो गाँसमै ढुंगा लागेको छ । जनताले प्रतिपक्षमा बस्न दिएको जनादेशलाई नमानेर जे जस्तो हर्कत गरेर भएपनि सत्तामा पुग्नै पर्ने कांग्रेसको विगतको नराम्रो अभ्यासलाई दोहोऱ्याउन खोज्दा आजको अवस्था आएको हो गण्डकी प्रदेशमा ।

‘रेडबुक’ किन ढिला भनिरहँदा सरकारले सजिलो गरी जवाफ दिन सक्छ- मुख्यमन्त्री भर्खरै नियुक्त हुनुभयो तयारी गर्नै पाइएन, मन्त्रिमण्डल बनेकै छैन, सत्ता साझेदार दलहरुबीच सहमती जुटेकै छैन, कसरी निकाल्नु ‘रेडबुक’ । तर कसरी चित्त बुझाउने, मन्त्री नबने पनि मन्त्रालय चलेकै छ होला, अनि ‘रेडबुक’ एउटा उपन्यासकारले उपन्यास लेखे जस्तो एक्लै लेख्ने पनि त होइन होला ? त्यसो हो भने प्रदेश सरकार मातहतमा यत्तिको संरचना चाहियो किन ? किन विश्वास गर्न सकेन यो सरकारले कर्मचारी संरचनालाई र उनीहरुले गरेको कामलाई ? आम प्रदेशबासीहरुमा उठेको प्रश्न हो यो, मुख्यमन्त्रीज्यू !

सशक्त रुपमा रहेको प्रतिपक्षी पनि प्रदेश सरकारको आर्थिक वर्ष २०७८/०७९ को बजेट संसदमा प्रस्तुत भएको यतिका दिन हुँदासम्म पनि वार्षिक कार्यक्रम तथा बजेट पुस्तिका (रेडबुक) नआउँदा समेत खासै बोलेको देखिँदैन । हुनत: जनताका प्रतिनिधिहरुले बोल्ने थलो प्रदेश सभा नै नचलेको दुई हप्ता हुन लाग्यो । प्रदेश सभा नै नचलेपछि जनप्रतिनिधिहरुले आफ्नो अभिमत राख्ने ठाउँ नभएर पनि होला । संसद बैठक चलेपछि यो वेथितीको बारेमा प्रतिपक्षीको भूमिका पनि जनताले अवश्यक महसुस गर्नेछन् ।

# महिला हिंसाको कारण र न्यूनीकरण



डा. डीआर उपाध्याय

**संघीयदेखि प्रदेश र स्थानीय तहसम्म महिलाको उपस्थिति तीव्र छ तर हिंसाका घटना किन बढिरहेका छन् ?**

महिला भएकै कारण भोग्नुपरेका विभेद, अन्याय तथा अन्य शारीरिक तथा मनोवैज्ञानिक आघात नै महिला हिंसा हो । कतिपय हिंसाहरू त यस्ता छन् जुन पीडितले आफूमाथि हिंसा भइरहेको छ भन्नेसमेत भेउ पाएका हुँदैनन् । तसर्थ विभिन्न रूपमा महिलामाथि हिंसा भएको देख्न सकिन्छ । नेपालमा पनि महिला हिंसाको घटनाहरू प्रशस्तै हुने गरेका छन् । यसको मुख्य कारण सामाजिक, सांस्कृतिक संरचना र कानुनी दुवै रहेको देख्न सकिन्छ ।

बलात्कार, दाइजो प्रथा, बोक्सीको आरोप, छाउपडी प्रथालगायत घटनाहरू सर्वत्र भइरहेका र बारम्बार दोहोरिने घटना हुन् । यसबाहेक पनि महिला हिंसाका अनेक किस्साहरू रहेका हुन्छन् जसको चर्चा कमै मात्र भएको देखिन्छ । अझ दुःखदायी कुरा त के छ भने महिलाहरू आफ्नै घरपरिवारबाट सबैभन्दा बढी हिंसाको शिकार बनेका छन् । यस्ता घटनाहरू अज्ञानताका कारण बारम्वार दोहोरिने गरेको पाइन्छ । जसमध्ये बलात्कार पनि ज्वलन्त समस्या र जघन्य अपराधका रूपमा देखा परेको छ ।

कतिपय महिलाहरू आफ्नै श्रीमान्‌बाट बलात्कृत भइरहेका छन् । तर, ती अधिकांश घटनाहरू गुपचुपमै रहन्छन् । त्यसैगरी तराई मधेसमा दाइजोको कारण पनि थुप्रै महिलाहरूले शारीरिक, मानसिक यातना मात्र बेहोर्नुपरेको छैन कतिपयले त मृत्युवरणसमेत गर्नुपरेको दर्दनाक अवस्था छ । त्यसैगरी ग्रामीण भेगमा बोक्सीको आरोपमा पनि महिलामाथि दुर्व्यवहार हुने गरेको छ ।

कथित तल्लो जात तथा एकल महिलालाई बोक्सीको आरोप लगाएर अनेक यातना दिई मलमुत्र खुवाउनेसम्मका अति निकृष्ट क्रियाकलाप पनि हाम्रै समाजमा भइरहेका छन् । छोरा र छोरी जन्मिने प्रक्रिया र त्यसको निर्धारण पुरुष क्रोमोजोममा भर पर्ने भए पनि छोरा नजन्माएको भनेर महिलालाई नै अपमानित गर्ने गरिएको छ । यस्ता अनुचित सोच, परम्परा तथा प्रथालाई तोडेर हाम्रो समाज अगाडि बढ्नुपर्नेमा अपेक्षित प्रगति हुन सकिरहेको छैन ।

अशिक्षित वर्गका त कुरा छाडौँ समाजमा शिक्षित भनेर कहलिएकाहरू पनि महिला हिंसाका मतियार बनेका छन् । कुनै न कुनै किसिमले श्रीमतीभन्दा श्रीमान् श्रेष्ठ भन्ने दिमागका भित्तामा टाँसिएर बसेको हुँदा महिलाहरू पीडित बन्नुपरेको छ । पुरुषहरूमा शोषक मनोवृत्तिको ‘सांस्कृतिक विरासत’ पनि छ । घर परिवार मात्र होइन सार्वजनिक स्थल तथा कार्यालयमा समेत महिलाहरू असुरक्षित छन् । महिलाहरू कार्यालयमासमेत आफू सुरक्षित नभएको महसुस गर्छन् ।



पुरुषप्रधान संस्कारको अवशेष बाँकी रहेकाले शिक्षित भनिएका पुरुषहरू पनि अञ्जानमा महिलामाथि हिंसा थोपरिरहेका छन् । चेतनशील महिला पनि कुनै न कुनै तरिकाबाट विभेदको शिकार हुनुपरेको छ । थुप्रै कानुनी व्यवस्था र चेतनाको विस्तारले पनि विभिन्न स्वरुपमा महिला हिंसा भइरहनु निकै गम्भीर सवाल हो । महिला हिंसा न्यूनीकरण र निर्मूल पार्ने उद्देश्यले विभिन्न संघसंस्था र अधिकारकर्मीहरू पनि सक्रिय छन् । थुप्रै बजेट खर्च गरेर विभिन्न समारोह तथा गोष्ठी पनि हुने गर्छन् । तर पनि तिनै अधिकारकर्मीहरू पनि कोही आफैँ पीडक र कोही पीडित भइरहेको देख्न सकिन्छ । यस्ता गोष्ठी तारे होटलमा मात्र सिमित भएर महिला हिंसा रोकिँदैन । समाजका बस्ती बस्तीमा गएर जनचेतना जगाउने खालका कायक्रम सञ्चालन गर्नु आजको आवश्यकता देखिन्छ ।

अहिले बलात्कार तथा यौनजन्य हिंसाका घटनाहरूले विकृत रूप लिइरहेको देखिन्छ । घर, कार्यस्थल, विद्यालय, बाटोघाटो, मेलापात सबैतिर महिलाले आफूलाई असुरक्षित महसुस गर्नुपर्ने अवस्था सिर्जना भएको छ । पछिल्लो समय इन्टरनेट र सामाजिक सञ्जालको दुरुपयोगले महिला हिंसालाई बढावा दिएको छ । पीडित महिलाका उजुरीका आधारमा यस्ता घटनाहरू बाहिर आउने गर्दछन् । जसमा कतिपय अपराधीहरू फेला नै पर्दैनन् र पक्राउ परेकाले पनि फितलो कानुनका कारण छिट्टै उन्मुक्ति पाउँछन् । यसले गर्दा पनि अपराधीको मनोवल बढेको देखिन्छ र यस्ता घटना बारम्बार दोहोरिने गर्छन् ।

महिला हिंसा रोक्न राज्य र सरोकारवाला सबै पक्ष गम्भीर बन्नुपर्ने अवस्था देखिएको छ । त्यसका लागि चेतना वृद्धि गर्ने, महिलाहरू आफ्ना अधिकारका विषयमा जागरुक बन्नुपर्ने, अन्यायको प्रतिवाद गर्ने, कडा कानुनी प्रबन्ध र त्यसको अक्षरश: कार्यान्वयन गर्नुपर्छ । कानुन संशोधन गरेर भए पनि बलात्कारी तथा अपराधीलाई हदैसम्मको कारवाही गर्ने कानुन बनाउनुपर्छ । कठोर सजाय पनि हिंसा नियन्त्रणको एउटा उपाय हो जसले अपराधीको मनोबललाई निरुत्साहित पार्दछ ।

कतिपय यस्ता घटना छिपिएका र दविएका पनि छन् । वास्तविक दोषीलाई पक्राउ गर्न पनि कठिन भएको छ । अनुसन्धान गर्ने हाम्रा नेपाल प्रहरी दक्ष नभएका होइनन् । बलात्कारको सूचना पाउँदा समयमै घटनास्थल पुग्छन । तर, परिणाम के हुन्छ भने दोषी पक्राउ परे पनि विभिन्न दबाब र प्रभावले उन्मुक्ति पाउँछ । शान्ति सुरक्षाको दायित्व लिने नेपाल प्रहरीको प्रभावकारिता अझै बढेर जानुपर्छ । कानुनको कार्यान्वयन पक्षमा अझ जोड दिनुपर्छ । जनचेतनाको अभाव र आपराधिक मनोवृत्तिका कारण यस्ता घटनाहरू बारम्वार दोहोरिरहेका हुन्छन् । अब यस्ता घटनाहरू घट्न नदिने र कथंकदाचित् भइहालेमा दोषीलाई कठोर सजाय दिलाएर अरुलाई पनि निरुत्साहित पार्नुपर्छ । अपराधीको मनोबल बढ्ने कुनै किसिमका क्रियाकलाप गर्नुहुँदैन ।

नैतिक शिक्षाका माध्यमबाट पनि चरित्रवान् नागरिक तयार हुन सक्छन् । त्यसैले हाम्रो शिक्षा प्रणालीमा पनि यस्ता विषयतर्फ फेरि मनन् गर्नुपर्ने बेला आएको छ । असल र सभ्य नागरिकले नै समाजलाई अघि बढाउछ । समाजमा लुकेका र लुकाइएका हिंसाजन्य घटनाहरू प्रशस्त मात्रमा सुनिन्छन् । राज्य संयन्त्र पनि यस्ता घटनाप्रति धेरै जिम्मेवारी बन्नुपर्छ । सञ्चारमाध्यम पनि यस्ता विषयमा अझ बढी चनाखो र जिम्मेवार बन्नुपर्छ । सञ्चारमाध्यम भनेका समाजका ऐना हुन् । तसर्थ समाजमा अन्याय अत्याचारमा परेका वास्तविक तस्बिरलाई प्राथमिकताका साथ उतार्नुपर्छ ।

सर्वत्र मानव सभ्यतालाई कलङ्कित र स्तब्ध पार्ने यस्ता घटनालाई सरकारले गम्भीर रूपमा लिनुपर्छ । एउटा महिलाको असल भूमिकाले राष्ट्र, समाज र घर सभ्य र सुसंस्कृत हुन्छ । महिला अधिकारसम्बन्धी कानुन बनाइएको छ तर व्यवहारमा केही लागु भएको देखिँदैन । संविधानमा मौलिक हक कार्यान्वयनका लागि तीन वर्षभित्रै कानुनी व्यवस्था गर्ने उल्लेख छ तर संविधान जारी भएको पाँच वर्षसम्म पनि कतिपय कानुन बन्न नसक्नु विडम्बना हो । महिलामाथि हुने जुनसुकै हिंसालाई पनि अपराध मानेर राज्यले तदनुकूलको कानुन निर्माण गर्नुपर्छ । महिला भएका कारण विभेद र असमानता भोग्नु नपर्ने कुरा संविधानमा लेखिएको छ । मौलिक हकअन्तर्गत ‘महिलाको हक’ले महिलामाथि कुनै पनि प्रकारको हिंसाजन्य कार्य वा शोषण र लैंगिक भेदभाव नहुने, समान वंशीय र सम्पत्तिमा हक हुनेलगायत व्यवस्था गरेको छ तर तदनुकूलको कानुन आजसम्म बनेको छैन । ‘महिलालाई राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने’ व्यवस्था संविधानमा छ । राष्ट्रपति नै महिला भएको मुलुकमा बलात्कार, बलात्कारपछि हत्या, शारीरिक तथा मानसिक हिंसा घटनाहरूमा कमी नआउनु पनि दुखद् कुरा हो । बलात्कार, बलात्कारपछि हत्या, बोक्सीको आरोप, दाइजोका नाममा कुटपिट, एसिड आक्रमणले घाइतेलगायत महिला हिंसाका दर्जनौं घटना दैनिकजसो बढिरहेका छन् । नारी वर्गमाथि भेदभाव, शोषण र अन्याय-अत्याचार छ ।

महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन भेदभाव पूर्ण रूपमै निर्मूल हुनुपर्छ । राज्यका हरेक निकायमा महिलाको संख्या बढेको छ । संघीयदेखि प्रदेश र स्थानीय तहसम्म महिलाको उपस्थिति तीव्र छ तर हिंसाका घटना किन बढिरहेका छन् ? प्रविधिको यति ठूलो विकास हुँदा पनि समस्या समाधानमा क्रियाशील नहुने हो भने महिलामाथिको विभेद कहिल्यै अन्त्य हुन सक्दैन । साइबर कानुन प्रभावकारी नबनाउने हो भने हिंसाका घटना झन् बढ्ने छन् । महिलाले पनि पुरुषसरह शैक्षिक, सामाजिक, आर्थिक र राजनीतिक अधिकार व्यावहारिक रूपमै पाउनुपर्छ । महिला हिंसा हुन नदिन गाउँगाउँमा जनचेतना फैलाउन आवश्यक छ । महिलामाथि हुने जुनसुकै हिंसालाई पनि अपराध मानेर राज्यले तदनुकूल कानुन निर्माण गर्नुपर्छ ।

# विन्ध्यवासिनीमा पूर्वाधार बनाउन बैंकको सहयोग

**समाधान संवाददाता**
पोखरा, १४ असार



कृषि विकास बैंक गण्डकी प्रदेश कार्यालय पोखराले भौतिक संरचना निर्माणका लागि विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिलाई आइतबार आर्थिक सहयोग गरेको छ। संस्थागत सामाजिक उत्तरदायित्व (सिएसआर) अन्तर्गत बैंकले समितिलाई ९ लाख सहयोग गरेको हो । विन्ध्यवासिनी मन्दिर परिसरमा भएको कार्यक्रममा बैंकका सञ्चालक समिति सदस्य हरिप्रसाद पराजुलीले समितिका उपाध्यक्ष सूर्यप्रसाद सुवेदीलाई उक्त रकमको चेक हस्तान्तरण गरे ।

बैंकका सञ्चालक पराजुलीले कृषि विकास बैंक अत्याधुनिक सुविधासहितको घर आँगनको बैंक बनेको बताए । उनले वास्तविक किसान र कृषिमा आधारित कार्यक्रम गर्ने बैंकले नेपालका दूरदराजमा सामाजिक सशक्तीकरण र आर्थिक उत्थानका कार्य गरेको उल्लेख गरे ।

'बैंक तथा वित्तीय संस्थामा अब्बल बनेको बैंकले संस्थागत उपस्थितिमा आर्थिक समृद्धिका काम भएका छन्,' उनले भने, 'सबैभन्दा बढी सञ्जाल भएको बैंकले डिजिटल माध्यमबाट समयसापेक्ष स्तरीय सेवा प्रवाह गरेको छ ।' उनले बैंकले खेलकुद, खानेपानी, बाटोघाटो, धार्मिक क्षेत्रसँग जोडिएको जानकारी दिए ।

कृषि विकास बैंक गण्डकी प्रदेश कार्यालय पोखराका निर्देशक रघुनाथ न्यौपानेले बैंक धेरै पहिलेदेखि कुनै न कुनै माध्यमबाट विन्ध्यवासिनी धार्मिक क्षेत्रसँग जोडिन चाहेकोमा अहिले आएर त्यो योजना पूरा भएको बताए । उनले वित्तीय क्षेत्रमा बैंक तथा समिति एकापसमा सहकार्य गर्ने

> **कृषि विकास बैंक गण्डकी प्रदेश कार्यालयले विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिलाई ९ लाख प्रदान गरेको छ**

उल्लेख गरे ।

कृषि विकास बैंक मुख्य शाखा प्रबन्धक माधव रिजालले बैंकले नाफाको निश्चित रकम संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत ग्रामीण क्षेत्रका सामुदायिक विद्यालयको शैक्षिक विकासमा खर्च गरेको जानकारी दिए । उनले नेपालीको आस्थाको धरोहर विन्ध्यवासिनीसँग बैंकले संस्थागत सम्बन्ध बढाएको जनाए ।

विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समिति उपाध्यक्ष सूर्यप्रसाद सुवेदीले समितिले वैदिक शिक्षा र संस्कृतिको अध्ययनका लागि गुरुकुल चलाएको जानकारी दिए । समितिका सचिव तीर्थ श्रेष्ठले गुरुकुलको पूर्वाधार निर्माण समितिको प्राथमिकतामा परेको जानकारी दिए ।

उनले गुरुकुलमा १सय विद्यार्थीलाई निशुल्क आवासीय शिक्षा दिने बताए । सचिव श्रेष्ठले बैंक तथा समिति मानवता र राष्ट्रलाई सुन्दर बनाउने अभियानमा लागेको उल्लेख गरे ।

बैंकका गण्डकी प्रदेश कार्यालय पोखराका वरिष्ठ शाखा प्रमुख महेश पौडेलले २०२४ साल माघ ७ गतेबाट ५ करोडको अधिकृत पुँजीबाट वित्तीय कारोबार गरेको बैंक सम्पूर्ण बैंकिङ सुविधासहित नेपालीको घर, आँगनको बैंक भएको बताए । उनले २०४३ सालदेखि कम्प्युटर सेवा सुरुवात गरेको बैंकले नेपालको गरिबी निवारणमा उल्लेखनीय योगदान पुऱ्याएको दाबी गरे ।

बैंकका वरिष्ठ व्यवसाय अधिकृत राजेन्द्र सुवेदीले बैंक तथा समितिले दोहोरो क्रियाकलाप गरेर एकापसमा जोडिनुपर्ने प्रस्ताव गरे ।

## सहारा एकेडेमीलाई बिहानीको साथ

पोखरा, १४ असार (समाधान)-पोखराको बिहानी बचत तथा ऋण सहकारी संस्था लिमिटेडले पोखरा १७ मा रहेको सहारा फुटबल एकेडेमीमा स्टेसनरी सहयोग गरेको छ । एकेडेमीमा रहेका बालकहरुका लागि सहकारीले सहयोग हस्तान्तरण गरेको हो । सहकारीको १३ औं वार्षिकोत्सको अवसरमा संस्थाका पदाधिकारीसहितको टोली आइतबार एकेडेमी परिसरमै पुगेर १० हजारका स्टेसनरी हस्तान्तरण गरेको सहारा क्लबका महासचिव रामजीप्रसाद अधिकारीले बताए ।

संस्थाका अध्यक्ष धर्मराज भण्डारी, उपाध्यक्षहरु हरिकृष्ण तिवारी र सुशीला अधिकारी सिग्देल, सचिव सुजन अधिकारी, कार्यक्रम संयोजक प्रेम गिरी लगायतले सहाराका वरिष्ठ उपाध्यक्ष हरिराम गुरुङ, उपाध्यक्ष एवं एकेडेमी संयोजक विश्वराज बराल लगायतलाई सहयोग प्रदान गरेका थिए ।

पोखरा पृथ्वीचोक निवासी पूर्व फूटबल खेलाडी हिराकाजी श्रेष्ठ र विष्णुमाया श्रेष्ठले पनि सहारा एकेडेमीलाई १० थान फुटबल सहयोग गरेका छन् । सहारा एकेडेमीमा अहिले २५ बालक छन् ।

## इस्मालीका कथामा खोजियो राजनीतिक नालीबेली

**समाधान संवाददाता**
पोखरा, १४ असार

सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान पोखराले कथाकार इस्मालीको श्रीको खोजी कथा संग्रहको समीक्षासम्बन्धी कार्यक्रम सम्पन्न गरेको छ । शनिबार अनलाइनमा आयोजित कार्यक्रमा डा. लक्ष्मीशरण अधिकारीले श्रीको खोजी कथा संग्रहमा शक्तिको लघुरानीति शीर्षकमा विचार प्रस्तुत गरेका थिए ।

डा. अधिकारीले कार्यक्रको आरम्भबाट नै प्रवचन दिँदै मिसेल फुकोको शक्ति र राजनीति सम्बन्धी विचार प्रस्तुत गरेका थिए । त्यसपछि उनले भनेका छन्, 'जहाँ शक्ति छ त्यहाँ प्रतिरोध हुन्छ, राष्ट्र सेवक कर्मचारी वर्ग पनि राज्यदोहन गर्नमा बढी माहिर देखिन्छन्, ज्ञान र शक्तिको प्रयोगले जनतालाई भ्रममा पार्नु नेतृत्वको रणनीति हुन्छ, ज्ञान, सूचना र प्रशिक्षणबिनाका कार्यकर्ता रबरस्टाम्प मात्र हुनु, नेताहरु काम गरेर देखाउनमा भन्दा भ्रमको खेती गरेर सत्तामा बसिरहन खप्पिस देखिन्छन्, मिसिनरीहरु दलितलाई क्रिस्चियन बनाएर सधैँ दलित नै राख्नमा उद्यत छन् ।' फुकोका यस्ता विचारहरु श्रीको खोजी कथा संग्रहमा पनि प्रतिबिम्बित भएको पाइने उनको विचार थियो ।

श्रीको खोजी कथा संग्रहमा समाजिक विषयवस्तुमा आधारित कथा र तिनका पात्र आकर्षक छन् । राजनीतिक विषयमा आधारित कथा र पात्र भने मामुली खालाका रहेको उनको टिप्पणी थियो । डा. अधिकारीको समालोचनात्मक प्रवचन माथि स्रोता प्रतिक्रया व्यक्त गर्दै उप.प्रा. आनन्दमणि रिजालले पूर्वीय विचारका कोणबाट शक्तिको परिचय दिएका थिए ।

स्रोताको फ्लोरबाट बोल्दै सुरज पौडेलले जीवशक्ति, प्रभुशक्ति र अनुशासनशक्ति गरी शक्तिका तिन प्रकार हुने बताए । उनीपछि डा. भूमिराज बस्ताकोटी, डा. भानु कँडेल लगायतले समेत स्रोता प्रतिक्रया व्यक्त गरेका थिए । कार्यक्रमको अन्त्यमा संस्थाका अध्यक्ष योगराज पौडेलले धन्यवाद ज्ञापनसहित कार्यक्रम समापन गरेका थिए ।

## प्रहरी उपरीक्षकको सहयोग



पोखरा, १४ असार (समाधान)-नेपाल पत्रकार महासंघ तनहुँ शाखाले स्थापना गरेको कल्याणकारी कोषमा प्रहरी उपरीक्षक अरुण पौडेलले ५ हजार ५ सय ५५ रुपयाँ सहयोग गरेका छन् ।

जिल्ला प्रहरी कार्यालय तनहुँबाट सरुवा भएर जान लागेका पौडेलले महासंघ तनहुँ शाखा अध्यक्ष उज्ज्वल पौडेललाई सो रकम हस्तान्तरण गरे । पत्रकारको हितमा प्रयोग हुने कोषमा सहयोग गर्न पाउँदा खुसी लागेको प्रहरी उपरीक्षक पौडेलले बताए ।

## प्रिएडभाइजरी कमिटी मिटिङ

**समाधान संवाददाता**
पोखरा, १४ असार

लायन्स क्लब ३२५ ब १ नेपालको क्लस्टर ५, रिजन ९ अन्तर्गत जोन १७ को प्रिएडभाइजरी कमिटी मिटिङ भएको छ । कार्यक्रममा लायन्स क्लब अफ हेमजा अध्यक्ष प्रकाश पौडेल, लायन्स क्लब अफ पोखरा लालीगुँरास अध्यक्ष कपिलदेव शर्मा, लायन्स पोखरा नथए अध्यक्ष विजयराज तिम्सिना र लायन्स कविशिरोमणि अध्यक्ष राजुप्रसाद तिवारीले क्लबले गर्ने वर्षभरीका योजना प्रस्तुत गरेका थिए ।

कार्यक्रममा लायन्स क्लब अफ पोखरा सेतो गुराँस नामक नयाँ क्लब पनि घोषणा गरिएको छ । यसको संस्थापक अध्यक्षमा वसन्तराज बास्तोला छन् ।

जोन १७ का जोन चेयरपर्सन केशवशरण पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा ३२५ बि १ नेपाल वेलफेयर बैंक चिफ मिलन थापा, एलसिआइएफ डिस्ट्रिक कोर्डिनेटर मोती तिमिल्सिना, क्लस्टर चिफ पुरुषोत्तम पराजुली, रिजन चेयर पर्सन जीवन गोर्खाली, जोन चेयर पर्सन युवराज बोहोरा, जोन १७ का मिडिया कोर्डिनेटर प्रकाशचन्द्र सापकोटा, लायन्स पोखरा लालीगुराँसका निर्वतमान अध्यक्ष भरतराज अधिकारी र लायन्स हेमजा सचिव सन्तमान श्रेष्ठले बोलेका थिए ।


### आवश्यकता

**कम्प्युटर प्राइमरी लेवल (१-५) टिचर- १ जना**

**सम्पर्क**
**गोर्खा इङ्लिस बोर्डिङ स्कुल**
**उपल्लो दीप, पोखरा-१६**
**०६१-४४०१७१, ९८५६०२२०९०**

### जग्गा बिक्री/भाडामा

**१) पोखरा-१५, टुटुंगामा २७ हात मोडा १८ हात पिछाड भएको ३ आना क्षेत्रफल भएको मूल्य ३९ लाख बिक्रीमा**

**२) मजुवा, पोखरा-१५ मा गाई, भैंसी, बाख्रा, हाँस, कुखुरा, कालिज पाल्न मिल्ने जग्गा भाडामा ।**

**सम्पर्क :**
**९८६७४१९४१७**
**९८१६१९४७८५**




### आवश्यकता

**पब्लिक फुड कम्पनीको लागि ४ जना कमदार आवश्यक परेको हुँदा इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।**

**तलब : २०,०००+खाना**

**सम्पर्क :**
**०६१-५६१९९०**
**९८४१३१५३१६**


### नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परिक्षण सम्बन्धी सूचना !

पोखरा महानगरपालिका वडा नं. १३ आर्वा स्थित खानेपानी पाईप लाईन मर्मत तथा पाईप लाईन बिस्तार निर्माण कार्य सम्पन्न गर्दा भएको सम्पूर्ण आम्दानी खर्चबारे सरोकारवालाहरुको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नामः- गनगने भेडिखर्क 'A' खानेपानी योजना**

**योजना को प्रकृति :- खानेपानी पाईप लाईन मर्मत तथा पाईप लाईन बिस्तार**

| | |
|---|---|
| योजनाको कुल लागत | : रु ७,४९,७३०/- |
| योजना सम्झौता मिति | : २०७८/०२/२८ |
| योजना सम्पन्न मिति | : २०७८-०३-१४ |
| महानगरपालिकाबाट प्राप्त हुने रकमः | : रु. ६,००,०००/- |
| उपभोक्ता (जनसहभागिता) बाट | : रु. १,४९,७३०/- |

**नरबहादुर बराल**
अध्यक्ष
**गनगने भेडीखर्क ए खानेपानी तथा सरसफाई उपभोक्ता समिति**
पोखरा- १३, आर्बा

### पोखरा महानगरपालिका कार्यालयको अत्यन्त जरुरी सूचना

कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं २९ भण्डारढीकमा रहेको कि. नं १२९३७ मा सोही ठाउँ निवासी अनिता बि क ले निर्माण गर्न लागेको घरको पुर्व तर्फको कि नं १२७९१ ,पश्चिम १२९३८ र दक्षिण तर्फको कि नं १४५२ का सधियारा सम्पर्कमा नआईपुगेको हुदाँ यदि उक्त जग्गामा कोही कसैको हक दाबी विरोध भएमा यो सुचना प्रकासन भएको मितिले सात दिन भित्र वडा कार्यालयमा सम्पर्क गर्न हुन सवैमा जानकारीको लागि अनुरोध गरिन्छ ।

सम्पर्क
**पोखरा महानगरपालिका वडा नं २९ कार्यलाय, कास्की**

### सूचना ! सूचना !! सूचना !!!

पोखरा महानगरपालिका २९ (साविक शिशुवा–२) अन्नपूर्ण लाइनमा पर्ने कित्ता नं. ७७२४, ७७२६, ७७२८ जग्गाको घडेरीमा घर निर्माण कार्य जग्गा धनी डिलमाया पुनले सूचारु गर्न लाग्नु भएकोले उक्त घडेरीको साँध सधियार फेला नपेको हुँदा तपाई साँध सधियारहरु कसैलाई बाधा असर पर्छ भने यो सूचना प्रकाशित गरिएको मितिले ७ दिनभित्र **वडा नं. २९ को वडा कार्यालय**मा सम्पर्क राख्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**निवेदक**
**डिलमाया पुन, ९८०५८२०४९७**

### मादी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय

**थुमाकोडाँडा,कास्की, गण्डकी प्रदेश नेपाल**

### BID ADDENDUM NOTICE

**सूचना प्रकाशित मिति :२०७८ /०३ /१५**

मिति २०७८ /०२/०९ गतेको राष्ट्रिय दैनिक पत्रिका अन्नपूर्ण पोष्ट र PPMO को E Procurement Portal मार्फत प्रकाशित मादी गाउँपालिकाको आव २०७७ /०७८ को योजना, Contract Id:67/MRM/NCB/W/077/78 र 68/MRM/NCB/W/077/78,को विद्युतीय बोलपत्र (E–Bid) मिति २०७८/०३/१४ गते संसोधन गरिएको ब्यहोरा यसै सूचनामार्फत जानकारी गराइन्छ । विस्तृत जानकारीको लागि www.bolpatra.gov.np/egpमा हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

### नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परिक्षण सम्बन्धी सूचना !

पोखरा महानगरपालिका वर्डा न २९ स्थित अन्नपूर्ण मार्ग बि बाटो ढलान कार्य सम्पन्न गर्दा भएको सम्पुर्ण आम्दानी खर्च बारे सरोकारवालाहरुको लागि यो सूचना प्रकासित गरिएको छ ।

**योजनाको नाम** : अन्नपूर्ण मार्ग बि बाटो ढलान योजना

**उपभोक्त समितिको नाम** : अन्नपूर्ण मार्ग बि बाटो ढलान निर्माण उपभोक्ता समिति

| | |
|---|---|
| योजनाको कुल लागत | : रु. २८,६६,०००/ |
| योजना सम्झौता मिति | : २०७७/११/२८ |
| योजना सुरु भएको मिति | : २०७७/१२/०१ |
| योजना सम्पन्न मिति | : २०७८/०२/३१ |
| महानगरपालिका बाट प्राप्त हुने रकम | : रु. १४,३३,०००/ |
| जनसहभागिता बापत | : रु. १४,३३,०००/ |

**टेकनसिंह गुरुङ**
अध्यक्ष
**अन्नपूर्ण मार्ग बि बाटो ढलान निर्माण उपभोक्ता समिति**
पोखरा-२९

### नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परिक्षण सम्बन्धी सूचना !

पोखरा महानगरपालिका वडा नं. १७ स्थित रामनगरमा बाटो निर्माण कार्य सम्पन्न गर्दा भएको सम्पूर्ण आम्दानी खर्चबारे सरोकारवालाहरुको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नामः रामनगर बाटो ढलान**

**उपभोक्ता समितिको नाम : रामनगर बाटो ढलान उपभोक्ता समिति**

| | |
|---|---|
| योजनाको कुल लागत | : रु १०,००,०००/- |
| योजना सम्झौता मिति | : २०७८/०२/१३ |
| योजना सुरु हुने मिति | : २०७८/०२/१५ |
| योजना सम्पन्न मिति | : २०७८/०३/१३ |
| महानगरपालिकाबाट प्राप्त हुने रकमः | : रु. ५,००,०००/- |
| उपभोक्ता (जनसहभागिता) बाट | : रु. ५,००,०००/- |

**उपभोक्ता समिति पदाधिकारी**
**अध्यक्ष : विष्णु प्रसाद पौडेल, सचिव : धर्मेन्द्र राज लामिछाने**
**कोषाध्यक्ष : धनकुमारी गुरुङ**
**सदस्य : उमादेवी पौडेल, कोपिला श्रेष्ठ**
**अनुगमन समिति : रामप्रसाद पोखेल, गंगा बहादुर गुरुङ**

### नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परिक्षण सम्बन्धी सूचना !

पोखरा महानगरपालिका वर्डा न २९ स्थित पृथ्वी राजमार्ग देखि खल्याड जोड्ने बाटो (२२९ मि देखि बाकि खन्ड) ढ्लान निर्माण कार्य सम्पन्न गर्दा भएको सम्पूर्ण आमदानी खर्च बारे सरोकारवालाहरुको लागि यो सूचना प्रकासित गरिएको छ

**योजनाको नाम** : पृथ्वी राजमार्ग देखि खल्याड जोड्ने बाटो (२२९मि देखि बाकि खण्ड) निर्माण योजना

**उपभोक्त समितिको नाम** : पृथ्वी राजमार्ग देखि खल्याड जोड्ने बाटो (२२९मि देखि बाकि खण्ड) निर्माण उपभोक्ता समिति

| | |
|---|---|
| -योजनाको कुल लागत : | १४,३०,०००/- |
| -योजना सम्झौता मिति : | २०७८/०२/३१ |
| योजना सुरु भएको मिति : | २०७८/०३/०१ |
| योजना सम्पन्न मिति : | २०७८/०३/१४ |
| महानगरपालिका बाट प्राप्त हुने रकम : | रु १०,००,०००/- |
| जनसहभागिता बापत : | रु ४,३०,०००/- |

**विष्णु पुन**
अध्यक्ष
**पृथ्वी राजमार्ग देखि खल्याड जोड्ने बाटो निर्माण उपभोक्ता समिति**
पोखरा-२९

### नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परिक्षण सम्बन्धी सूचना !

पोखरा महानगरपालिका वडा नं २२ स्थित लुकुन्स्वाँरा पुम्दीकोट सडक मर्मत ढलान बाटो निर्माण कार्य सम्पन्न गर्दा भएको सम्पूर्ण आम्दानी खर्चबारे सरोकारवालाहरुको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नामः लुकुन्स्वाँरा पुम्दीकोट सडक निर्माण समिति**

| | |
|---|---|
| योजनाको कुल लागत | : रु ५,८९,०७५।५५/- |
| योजना सम्झौता मिति | : २०७७/१२/२४ |
| योजना सुरु हुने मिति | : २०७७/१२/२५ |
| योजना सम्पन्न हुने मिति | : २०७८/०३/१५ |
| योजना सम्पन्न मिति | : २०७८/०३/१४ |
| महानगरपालिकाबाट प्राप्त हुने रकम | : रु. ४,२५,०००/- |
| उपभोक्ता (जनसहभागिता) बाट | : रु. ७५,०००/- |

**गुरुदत्त बराल**
अध्यक्ष
**लुकुन्स्वाँरा पुम्दीकोट सडक निर्माण समिति**
पोखरा-२२, पुम्दीकोट

### नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परिक्षण सम्बन्धी सूचना !

पोखरा महानगरपालिका वडा नं १७ विरौटा स्थित रामेश्वर कृषि सहकारी पछाडिको ढलान बाटो निर्माण कार्य सम्पन्न गर्दा भएको सम्पूर्ण आम्दानी खर्चबारे सरोकारवालाहरुको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नामः रामेश्वर कृषि सहकारी पछाडिको ढलान बाटो निर्माण**

| | |
|---|---|
| योजनाको कुल लागत | : रु १०,००,०००/- |
| योजना सम्झौता मिति | : २०७७/१०/११ |
| योजना सुरु हुने मिति | : २०७७/१०/१५ |
| योजना सम्पन्न हुने मिति | : २०७८/०२/२५ |
| योजना सम्पन्न मिति | : २०७८/०३/१४ |
| महानगरपालिकाबाट प्राप्त हुने रकमः | : रु. ५,००,०००/- |
| उपभोक्ता (जनसहभागिता) बाट | : रु. ५,०२,७८७।००/- |

**गुमादेवी पौडेल**
अध्यक्ष
**रामेश्वर कृषि सहकारी पछाडिको ढलान बाटो निर्माण उपभोक्ता समिति**
पोखरा-१७, विरौटा

### नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परिक्षण सम्बन्धी सूचना !

पोखरा महानगरपालिका वडा नं -३१ को लामास्वारा विर्ता कुलो मर्मत र टेवा पर्खाल निर्माण उपभोक्त समितिले तपसिल बमोजिमको आम्दानी तथा खर्चभएकोव्यहोरा सरोकारवालाहरुमा जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ ।

**योजनाकोनाम : लामास्वारा विर्ता कुलो मर्मत र टेवा पर्खाल निर्माण योजना**

| | |
|---|---|
| योजनाको कुल लागत : | रु ४,३८,६५१ |
| महानगरपालिकाबाट प्राप्त : | रु ३,५०,००० |
| उपभोक्ता समितिबाटः | रु ८७,५०० |
| सम्झौता मिति : | २०७८/२/२१ गते |
| योजना शुरु मिति : | २०७८/२/२२ गते |
| योजना सम्पन्न मिति : | २०७८/०३/१५गते |

**उपभोक्ता समितिका पदाधिकारी**
**अध्यक्ष** : हरि बहादुर थापा, **उपाध्यक्ष** : नुर गुरुङ
**सचिवः** नोच बहादुर गुरुङ
**कोषाध्यक्ष** :चन्द्र सुवा गुरुङ
**सदस्यहरुः** बिनिस थापा,रमा थापा मगर,कमल बहादुर बुढाथोकी ।
**अनुगमन समिति : बम्ब बहादुर थापा र विष्णु कुमार प्रधान**

# अधिवक्ता बास्तोला गण्डकीको मुख्य न्यायाधिवक्ता नियुक्त



पोखरा, १४ असार (समाधान)- अधिवक्ता रोहितराज बास्तोला गण्डकी प्रदेशको मुख्य न्यायाधिवक्ता नियुक्त भएका छन् । मुख्यमन्त्री कृष्णचन्द्र नेपालीको सिफारिसमा प्रदेश प्रमुख सीताकुमारी पौडेलले सोमबार उनलाई नियुक्त गरेकी हुन् ।

नेपालको संविधान २०७२ को धारा १६० अनुसार उनको नियुक्ति भएको हो । मुख्य न्यायाधिवक्ता प्रदेश सरकार र मुख्यमन्त्रीको मुख्य कानुनी सल्लाहकार हुन् । मुख्य न्यायाधिवक्ताको मर्यादाक्रम उच्च अदालतको न्यायाधीश समान हुन्छ ।

२५ वर्षदेखि कानुन व्यवसायमा क्रियाशील बास्तोला समाधान दैनिकका कानुनी सल्लाहकारसमेत हुन् । पोखरा ११ फूलबारीका स्थायी बासिन्दा बास्तोला उच्च अदालत बार एसोसिएसन पोखराका पूर्वअध्यक्ष उनी डेमोक्रटिक लयर्स एसोसिएसन कास्की पूर्वअध्यक्ष हुन् ।

मुख्यमन्त्रीले चाहेको अवधिसम्म मुख्य न्यायाधिवक्ता आफ्नो पदमा बहाल रहने संवैधानिक प्रावधान छ । संवैधानिक एवं कानुनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय, सल्लाह दिनु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुनेछ ।

# गण्डकीलाई सडक मानवमुक्त प्रदेश बनाइने

पोखरा, १४ असार (समाधान)- गण्डकीका शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री कुमार खड्काले प्रदेशलाई सडक मानवमुक्त बनाउने र कोभिडबाट अभिभावक गुमाएका बालबालिकालाई नगद राहत उपलब्ध गराउने निर्णय गरेका छन् ।

आइतबार मन्त्रालयमा पदभार गर्दै गर्दा उनले उक्त निर्णय गरेका हुन् । सडकमा कोही पनि नागरिकले बास बस्नुपर्ने अवस्था नरहोस् भनेर यस्तो निर्णय गरिएको खड्काले बताए । 'सबै नागरिकको बाँच्न पाउने अधिकार छ । संविधानले दिएका अधिकार सरकारले उपलब्ध गराउनुपर्छ,' उनले भने, 'मानव सेवा आश्रम जस्ता संस्थासँग सहकार्य गरेर सडकमा भएका नागरिकलाई आश्रममा राख्ने र त्यसको दायित्व प्रदेश सरकारले व्यहोर्ने निर्णय गरेका छौं ।'

सरकारले नीति तथा कार्यक्रम र बजेटबाट कोरोना भाइरसका कारण बाबुआमा गुमाएका बालबालिकालाई ५ हजारका दरले मासिक राहत उपलब्ध गराउने घोषणा गरेको थियो । यसलाई कार्यान्वयनको चरणमा अघि बढाइएको छ । 'लागत निकालेर शीघ्र उनीहरुको खातामा पैसा पठाउने निर्णय गरेको छ । हामीसँग आँकडा छैन । पहिले त्यो निकाल्नुपर्‍यो,' उनी भन्छन्, 'कार्यविधिमा अरु कुरा खुलाइन्छ । संविधानले तोकेको समूहलाई बालबालिका मानेर हामी रकम दिन्छौं ।'

# मुस्ताङलाई २० थान अक्सिजन कन्सन्ट्रेटर



**सुन्दरकुमार थकाली**
जोमसोम, १४ असार

कोरोना तथा दीर्घ रोगका बिरामीले अक्सिजन अभावका कारण अकालमा ज्यान गुमाउन नपरोस् भन्ने हेतुले पछिल्लो समय हिमाली जिल्ला मुस्ताङलाई संघ, प्रदेश सरकार र विभिन्न संस्थाहरुले अक्सिजन सिलिन्डर तथा अक्सिजन कन्सन्ट्रेटर लगायत स्वास्थ्य सामग्री उपलब्ध गराउन थालेका छन् । स्वास्थ्य सामग्री जिल्ला स्वास्थ्य कार्यालय र सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण हुने गरेको छ ।

भौगोलिक रुपले विकट तथा बर्खायामको मौसममा नदी कटान तथा बाढी/पहिरोले ठाउँठाउँमा सडक अवरुद्ध हुने हुँदा अक्सिजन ढुवानी गर्नमा अप्ठेरो पर्ने हुँदा उपलब्ध अक्सिजन कन्सन्ट्रेटर जीवन उपयागी हुने बताइएको छ । मुस्ताङमा हालसम्म वितरणमुखी अक्सिजन प्लानसमेत नहुँदा मुस्ताङका दुरदराजका स्वास्थ्य शाखा तथा इकाइमा अक्सिजनको चरम अभाव हुने गर्छ । यहाँका कोभिड तथा दीर्घरोगका बिरामीले उचित समयमा अक्सिजनको सुविधा प्राप्त गर्न नसक्दा अकालमा ज्यान गुमाउनुपर्ने बाध्यता छ ।

कोरोना माहामारीको सामना गर्दै आइरहेको हिमाली जिल्ला मुस्ताङलाई सोमबार गैरआवासीय नेपालीहरुको संस्था (एनआरएन)ले २० थान अक्सिजन कन्सन्ट्रेटर उपलब्ध गराएको छ । गैरआवासीय नेपालीहरुको संस्था एनआरएनका उपाध्यक्ष सोनाम लामाको विशेष पहलमा मुस्ताङलाई करिब ४० लाख मूल्य बराबरको अक्सिजन कन्सन्ट्रेटर काठमाडौंस्थित एनआरएनको केन्द्रीय कार्यालय मार्फत मुस्ताङलाई उपलब्ध गराइएको हो । एनआरएनले मुस्ताङलाई उपलब्ध गराईएको अक्सिजन कन्सन्ट्रेटर मुस्ताङस्थित दीगो तथा उत्थानशील समाजका लागि हिमाली पहल नामक संस्थामा मार्फत जिल्ला स्वास्थ्य कार्यालय मुस्ताङलाई हस्तान्तरण गराइएको अध्यक्ष विकल शेरचनले जानकारी दिए ।

अध्यक्ष शेरचनका अनुसार एनआरएनले इलेक्ट्रिक जडानमार्फत एकैसाथ २ जना व्यक्तिलाई अक्सिजन दिन मिल्ने कन्सन्ट्रेटर उपलब्ध गराइएको छ । एनआरएनले पठाएको कन्सन्ट्रेटर जिल्ला स्वास्थ्य कार्यालय मुस्ताङमार्फत ५ वटै स्थानीय तहको स्वास्थ्य शाखालाई समान २/२ थान, जिल्ला अस्पताल जोमसोमलाई ८ थान र लेते प्राथमिक स्वास्थ्य केन्द्रलाई २ थान अक्सिजन कन्सन्ट्रेटर वितरण गर्ने गरी स्वास्थ्य शाखालाई हस्तान्तरण गरेको अध्यक्ष शेरचनको भनाइ छ ।

हिमाली जिल्ला मुस्ताङलाई संघ, प्रदेश र विभिन्न संघसंस्था मार्फत पठाइएको सानो/ठूलो अक्सिजन सिलिण्डर १ सय ७३ थान र अक्सिजन कन्सन्ट्रेटर ५६ थान मौज्याद रहेको जिल्ला स्वास्थ्य कार्यालय मुस्ताङका प्रमुख टीकाराम भण्डारीले जानकारी दिए । कोभिड संक्रमणबाट छुट्कारा पाउन र आवश्यक अक्सिजन नहुँदा अकालमा ज्यान गुमाउन नपरोस् भन्ने उद्देश्यले मुस्ताङलाई सामाजिक कार्यका रुपमा अक्सिजनसहित स्वास्थ्य सामग्री उपलब्ध गराइएको स्वास्थ्य प्रमुख भण्डारीले उल्लेख गरे ।

हिमाली जिल्ला मुस्ताङमा संघ/प्रदेश र संघसंस्था लगायतले अक्सिजन पठाउन थालेपछि दुरदराजका स्वास्थ्य चौकी र इकाइमा अक्सिजन मौत्जाद छ । जिल्लाका ५ वटै स्थानीय तहका कोभिड अस्पतालहरुमा अक्सिजनसहितको आईसोलेसनको समेत व्यवस्था भइसकेको छ । कोरोना भाइरसको दोस्रो भेरियन्टसँगै मुस्ताङमा ४ सय ६३ जना व्यक्तिमा कोरोना संक्रमण देखिएकोमा ३ सय ८५ जना व्यक्ति संक्रमणमुक्त भएका छन् ।

कोरोनाका कारण हालसम्म २५ जना व्यक्तिले ज्यान गुमाएका छन् । जिल्ला स्वास्थ्य कार्यालय मुस्ताङका अनुसार पछिल्लो समय मुस्ताङमा जम्मा ३८ जनामात्र सक्रिय कोरोना संक्रमित रहेको र बन्दाबन्दी र स्वास्थ्य सर्तकताका कारण कोरोना जोखिम बिस्तार घट्दै गइरहेको बताएको छ ।

## पाँचौं पोखरा स्पोर्टस् अवार्ड विशेष

# पानीमै आनन्द

**समाधान संवाददाता**
पोखरा, १४ असार



पोखरा बैदामका आनन्द कुँवरलाई सानैदेखि पौडी खेलप्रति रुचि थियो । पौडिनका लागि अहिलेजस्तो स्वीमिङ पुल भने हुन्थेनन् । तैपनि आँगनमै फेवाताल थियो । एक दिन तालवाराही छेउमा पौडिनेक्रममा काठमाडौंबाट घुम्न आएका कोचको नजरमा उनी परे । र, पहिलोचोटि २०५२ सालमा पश्चिमाञ्चलबाट राष्ट्रिय खेल खेल्ने अवसर जुर्‍यो । २६ वर्षसम्मको खेलजीवनमा उनले राष्ट्रिय-अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा भाग लिए । आठौं साफमा उनले नेपाललाई पदक जिताउनसमेत सफल भए ।

२०६१ सालसम्म प्रतियोगितामा भाग लिएका उनी त्यसयता प्रशिक्षणमा व्यस्त छन् । यसबीचमा ४ सय जनाभन्दा बढीलाई पौडी सिकाइसकेको उनको दाबी छ । बाबु डिलबहादुर र आमा सन्तु कुँवरका सुपुत्रका रुपमा उनको जन्म २०३१ सालमा भएको हो । घरको आर्थिक स्थिति कमजोर नै थियो ।

> **२०५६ मा राजा वीरेन्द्रबाट गोर्खा दक्षिणबाहु पाँचौंमार्फत विभूषितसमेत भएका थिए आनन्द कुँवर**

डाइटका लागि र पोसाकका लागि उनले फेवामा डुंगासमेत चलाए । स्कुले जीवनमा उनले फुटबल, भलिबल, एथलेटिक्स पनि खेले । तर जीवन पानीमै बित्यो । खेलमा उनको एचिभेन्ट हेर्दा आठौं साफमा नेपालका लागि कास्य पदक जिते भने भारतमा भएको १३ औं एसिया प्यासिफिक स्वीमिङ तथा डाइभिङ प्रतियोगितामा देशको प्रतिनिधित्व गरे । सातौं साफमै पनि उनी क्लोज क्याम्पमा पर्न सफल भएका थिए ।

सन् १९९६ मै फेवातालमा भएको सातौं स्टार अन्नपूर्ण टाइथनमा सहभागिता, नवौं राष्ट्रिय पौडी प्रतियोगितामामा २ रजत र ३ कास्य, १० औं राष्ट्रिय पौडी प्रतियोगितामा ३ रजत र २ कास्य, चौथो राष्ट्रिय खेलकुदमा ३ रजत, दीपेन्द्र जन्मोत्सव कप पौडी प्रतियागितामा १ स्वर्ण र २ रजत हात पारे । बेगनासमा २०५५ मा सम्पन्न खुला पौडी प्रतियोगितामा स्वर्ण पदक जित्न सफल भए ।

यसरी पौडी खेलमा योगदानको कदर गर्दै उनी २०५६ मा राजा वीरेन्द्रबाट गोर्खा दक्षिणबाहु पाँचौंमार्फत विभूषितसमेत भएका थिए । उनले फिना कोर्स, ओलम्पिक सोलिडारिटी कोर्स फर कोच एण्ड रेफ्री, फस्ट एड/लाइफ गार्डिङ/पिसीआर कोर्सलगायत थुप्रै तालिमसमेत लिएका छन् । घरको आर्थिक अवस्था सुधार्न उनी २०५८ सालपछि ३ वर्ष खाडी मुलुकमा पनि रोजगार गर्न गए ।

जीवन नै पौडीमा बिताएका कास्की पौडी संघका सचिव आनन्द कुँवर गण्डकी बोर्डिङ स्कुलमा २ सय, पश्चिम पृतनामा ६०, फेवाताल र अन्य पुलहरुमा करिब २ सय जनालाई प्रशिक्षण दिइसकेको बताउँछन् ।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको आयोजनामा हुने पाँचौ पोखरा स्पोर्टस् अवार्डको वर्ष उत्कृष्ट प्रशिक्षक विधामा मनोनीत कुँवरले मनोनयन भएकोमा आफूलाई निकै खुसी लागेको प्रतिक्रिया दिए । यो विधामा उनीसहित फुटबलका किरण श्रेष्ठ र बक्सिङका सुरेश मल्ल ठकुरी प्रतिस्पर्धामा छन् ।

# कास्कीका बास्तोला टेकुका निर्देशक

**समाधान संवाददाता**
पोखरा, १४ असार



शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुको निर्देशकमा डा. अनुप बास्तोला नियुक्त भएका छन् ।

सोमबार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मन्त्रीस्तरीय निर्णयबाट डा. बाँस्तोला अस्पतालको निर्देशकमा नियुक्त भएका हुन् । 'मैले अस्पतालको निर्देशक नियुक्त भएको पत्र पाइसकें । अब अस्पताललाई सबैको अस्पताल बन्ने गरी सेवा प्रवाह गर्नका लागि प्रतिवद्ध रहनेछु,' डा. बाँस्तोलाले भने, 'महामारीको बेला मात्र यो अस्पताललाई सम्भिmइन्छ । अब सधै अस्पताललाई सम्भmने बनाउँछु ।'

डा. बाँस्तोला यसअघि उक्त अस्पतालको प्रवक्ता थिए । निर्देशक डा. सागरराज भण्डारीले अवकास पाएसँगै बास्तोला निर्देशक बनेका हुन् । पोखरामा जन्मिएका बाँस्तोलाले वि.सं. २०५३ सालमा लक्ष्मी आदर्श माध्यमिक विद्यालयबाट एसएलसी उत्तीर्ण गरेका हुन्। काठमाडौं युनिभर्सिटीबाट आइएस्सी अध्ययन गरेका उनले नेपालगञ्ज मेडिकल कलेजबाट एमबिबिएस गरेका छन् ।

डा. बास्तोलाले न्याम्सबाट डर्माटोलोजीमा एमडी गरेका छन् भने ट्रोपिकल एन्ड इन्फिक्सियस डिजिजमा बैंककको स्कुल अफ ट्रोपिकल मेडिसिन, महिडोल युनिभर्सिटी, थाइल्यान्डबाट एमडी गरेका छन्। उनी २०६३ मा लोकसेवा आयोगमा नाम निकालेर सरकारी सेवामा प्रवेश गरेका हुन् । उनी १३ वर्षयता भने निरन्तर टेकु अस्पतालमा सेवारत छन् ।

# कोरलामा पूर्वाधार बनाउन तुलाचनको माग

**समाधान संवाददाता**
जोमसोम, १४ असार



पूर्व संघीय सांसद प्रेमप्रसाद तुलाचनले आइतबार प्रधानमन्त्री केपि शर्मा ओलीलाई ज्ञापनपत्र बुझाएका छन् । प्रधानमन्त्री निवास बालुवाटार पुगेर पूर्व सांसद तुलाचनले जतिसक्दो छिटो कोरला नाकामा भौतिक पूर्वाधार निर्माण गर्न माग गर्दै ज्ञापनपत्र बुझाएका हुन् ।

भारतीय नाकाबन्दीपछि चर्चा पाएको नेपाल–चीन जोड्ने मुस्ताङको उत्तरी कोरला नाकामा सरकारले भौतिक पूर्वाधार निर्माणमा ध्यान नदिएको उनले दाबी गरेका छन् । कोरला नाकामार्फत व्यापार तथा पारवाहन मार्ग विस्तार गर्ने उद्देश्यले २०७४ सालदेखि कालिगण्डकी करिडोर अन्तर्गत राष्ट्रिय गौरवको बेनी जोमसोम कोरला सडक आयोजना सुरु भएको हो । बेनी जोमसोम ४ खण्ड र जोमसोम कोरला सडक ७ खण्डमा सडक स्तरोन्नति भइरहेको छ । करिडोरका अनुसार बेनी जोमसोम कोरला सडकको भौतिक प्रगति ७५ प्रतिशत छ । राजमार्ग विस्तारको काम भए पनि कोरलामा पूर्वाधार निर्माण गर्नेतर्फ सरकारको ध्यान केन्द्रित नभएको पूर्व सांसद तुलाचनले गुनासो गरे ।

कोरलामा सुक्खा बन्दरगाह, भन्सार तथा सुरक्षा निकायका लागि चाहिने पूर्वाधार निर्माण तुरुन्तै सुरुआत गर्न उनले प्रधानमन्त्रीसमक्ष माग राखेका छन् ।

सरकारले २०७६ सालमा कोरलामा चाहिने पूर्वाधार निर्माण गर्न जग्गा सिफारिस समिति गठन गरेको थियो । समितिले सिफारिस अनुसार उत्तरी कोरला नाकाको २४ नम्बर पिल्लरलाई आधार बनाएर दायाँबायाँ पर्ने गरी १ हजार रोपनी पठार जग्गा सरकारी कार्यालयको नाममा दर्ता भएको थियो ।

सरकारले गत वर्ष यहाँ भौतिक पूर्वाधार निर्माण लगायतको प्रारम्भिक सम्भाव्यता अध्ययन गर्न प्राविधिक टोली पठाएको थियो । टोलीले यसै हप्ता भौतिक पूर्वाधार सम्भाव्यता अध्ययन पूरा भएको सार्वजनिक गरेको थियो ।

तुलाचनले मुस्ताङमा २०३२ सालदेखि कुनै नापनक्सा नभएको ज्ञापनपत्रमा उल्लेख गरेका छन् । वर्षौंदेखि स्थानीयले जग्गाधनी पुर्जा नपाएकाले तत्काल विशेष नापी टोली मुस्ताङ पठाएर समस्या समाधान गर्न पनि आग्रह गरेका छन् । ज्ञापनपत्रमा छुसाङदेखि थासाङ पैरोथाप्लासम्मको नदी कटान र हिमपहिरोको जोखिममा रहेका तटीय क्षेत्रका बस्ती संरक्षणबारे पनि ध्यानाकर्षण गराइएको छ ।

# आयोजना...

कानुनी हकले पनि यसलाई अन्त मोड्न सकिँदैन । यसले भविष्यमा दिने लाभका बारेमा विस्तृत अध्ययन हुनु पर्दैन ?'

पूर्वमन्त्री एवं माओवादी संसदीय दलका नेता हरिबहादुर चुमानले यो आयोजना सभ्यता र संस्कृतिको विरुद्धमा जनाए । राजमो गण्डकी प्रदेश अध्यक्ष शंकर बरालले नदीको पर्यटकीय र सांस्कृति महत्व जोगाउने दायित्व प्रदेश सरकारको हो भन्दै कालीगण्डकीलाई यथोचित रुपमा बग्न दिनुपर्ने बताए ।

वातावरणविद् डा. अनिल सुवेदीले पारिस्थितिकीय प्रणाली नै खलबलाउने गरी यो काम हुन लागेको दाबी गरे । उनले भने, 'जलचर र जैविक विधिताको मुभमेन्ट त्यससँग जोडिएको हुन्छ । जलचरको रुटमा असर पर्छ । फ्लोरा र फाउनमा असर पर्दछ । जैविक विविधता करिडोर पनि हो यो ।'

डा. रामचन्द्र बरालले गण्डकी त्रिकोणले धेरै ठूलो सभ्यता बोकेको भन्दै बोन, बुद्धिस्ट र सनातन हिन्दुको आस्था जोडिएको यो नदी खण्डित गर्दा जैविक विविधता त नष्ट हुन्छ बताए ।

राजमोका प्रदेश सभा सदस्य पियारी थापाले कालीगण्डकी डाइभर्सन पर्यावरणमाथिको ठूलो हमला हो भन्दै नदीजन्य सभ्यता मासेर मरुभूमीकरण गर्ने षड् यन्त्रको विरोध गर्नुपर्ने बताइन् ।

नेपाल उद्योग वाणिज्य महासंघ पूर्वअध्यक्ष आनन्दराज मुल्मीले एउटा प्रदेश सिञ्चित गर्दा अर्को प्रदेशमा मरुभूमीकरण गर्ने योजना कुनै हालतमा आगाडि बढ्न दिन नहुने भनाइ राखे ।

संरक्षण अभियन्ता कुलराज चालिसेले हिमालभन्दा पुरानो इतिहास बोकेको कालीगण्डकीका बारेमा यति ठूलो निर्णय गर्दा सरकारले कसैसँग सरसल्लाह नगर्नु निकै दुखपूर्ण रहेको बताए । यसले कालिगण्डकी करिडोर र शालिग्राम करिडोरको अस्तित्वमाथि नै खतरा निम्त्याएको भनाइ उनले राखे ।

पोखरा पर्यटन परिषद् अध्यक्ष गोपीबहादुर भट्टराईले पर्यापर्यटन जोगाउन प्रदेशवासी एक हुन आग्रह गरे । उनले भने, 'तटीय क्षेत्रलाई मरुभूमिकरण गर्ने षड्यन्त्र हो यो, भावी पुस्ताका लागि यसलाई जोगाउनु पर्छ ।'

नागरिक समाज कास्कीका रामबहादुर पौडेल, कास्की कांग्रेस सभापति कृष्ण केसी, उपसभापति बृजमान गुरुङ, सचिव देवेन्द्र रानाभाट, एमाले(माधव समूह) कास्की अध्यक्ष धनराज आचार्य र जसपा प्रदेश इन्चार्ज गणेशमान गुरुङले भनाइ राखेका थिए । कांग्रेस सांसद डोबाटे विश्वकर्मा, पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष नारायण कोइराला, गैसस महासंघ प्रदेश अध्यक्ष बिना सिलवाल, पत्रकार महासंघ गण्डकी महासचिव गोविन्द सुवेदी, कास्की जिल्ला अध्यक्ष विमला भण्डारी,

राप्रपाका पञ्चराम गुरुङ, जसपा जिल्ला अध्यक्ष गिरिप्रसाद गुरुङ, शान्तिका लागि नागरिक समाज सञ्जालका संयोजक विष्णुप्रसाद बराल लगायतले आयोजनाको विरोध गरे ।

# विष्णुदत्त कबड्डी मुख्य प्रशिक्षक

**समाधान संवाददाता**
काठमाडौं, १४ असार

जिल्ला खेलकुद विकास समिति कञ्चनपुरमा कार्यरत विष्णुदत्त भट्टलाई कबड्डीको मुख्य प्रशिक्षकमा नियुक्त गरिएको छ । राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले भट्टलाई मुख्य प्रशिक्षक नियुक्त गरेको हो ।

कबड्डीका मुख्य प्रशिक्षक तारा सिंह भाटले उमेर हदका कारण अवकाश पाएपछि ५ महिनादेखि रिक्त कबड्डीको मुख्य प्रशिक्षक पदमा भट्टलाई नियुक्त गरिएको हो । राखेपले विश्वास गरी दिएको मुख्य प्रशिक्षकको जिम्मेवारीलाई इमानन्दारीपूर्वक निर्वाह गर्ने मुख्य प्रशिक्षक भट्टले बताए ।

'कबड्डी खेलाडी थिएँ । त्यसपछि प्रशिक्षक भएँ । अहिले मुख्य प्रशिक्षक भएको छु, उनले भने, 'राखेपले दिएको यो जिम्मेवारीलाई सीप र क्षमता अनुसार इमान्दार भएर पूरा गर्नेछु ।' मुख्य प्रशिक्षक भट्टले कबड्डी खेलको विकास र विस्तारका लागि विद्यालय तहसम्म प्रतियोगिता सञ्चालन गरिने बताए ।

विद्यार्थी जीवनदेखि कबड्डी खेल्न थालेका भट्टले ३ एसियाली खेलकुद प्रतियोगितामा भाग लिएका छन् । उनले सन् १९९० मा बेइजिङ, सन् १९९४ मा हिरोसिसमा र सन् १९९८ मा बैंककको एसियाली खेलकुद प्रतियोगितामा भाग लिएका थिए । भारतको कलकत्तामा भएको साफ च्याम्पियनसीप र साग गेममा उनले ५ पटक भाग लिएका थिए ।

नेपाली राष्ट्रिय कबड्डी टिमको ७ वर्ष नेतृत्व गरेका उनले २०६४ मा कबड्डी खेलबाट सन्न्यास लिएका थिए । मुख्य प्रशिक्षक भट्टले प्रशिक्षकको जिम्मेवारी पाएपछि हालसम्म २ हजार ५ सय खेलाडीलाई प्रशिक्षण दिएका छन् । त्यसमा २ सयभन्दा बढी खेलाडीले राष्ट्रिय स्तरका प्रतियोगितासम्म खेलेका छन् । २०५२ मा सहायक कबड्डी प्रशिक्षक भएका भट्ट २५ वर्षपछि मुख्य प्रशिक्षकमा नियुक्त भएका छन् । १८ वर्षअघि उनी कबड्डीको सहायक प्रशिक्षक नियुक्त भएका थिए ।






**समाधान मिडिया प्रालिका लागि अध्यक्ष** : उमानाथ बराल, **प्रधान सम्पादक** : रामकृष्ण ज्ञवाली, **कार्यालयः** नयाँबजार, पोखरा, फोन : ०६१-५८८९७७, ५७६६६८, **Email: Ad: samadhanpkr@gmail.com** | News: samadhandainik@gmail.com | www.samadhannews.com